# चितवन राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र



## बार्षिक प्रगति प्रतिवेदन
२०६७/०६८


चितवन राष्ट्रिय निकुञ्ज
CHITWAN NATIONAL PARK
KASARA





# चितवन राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र
## बार्षिक प्रगति प्रतिवेदन
## २०६७/०६८


### संरक्षक

श्री यम बहादुर परियार
अध्यक्ष, मध्यवर्ती क्षेत्र
व्यवस्थापन समिति

श्री झमक बहादुर कार्की
प्रमुख संरक्षण अधिकृत
चितवन राष्ट्रिय निकुञ्ज

### सल्लाहकार

श्री जगन्नाथ सिंह
उप–सचिव (प्रा.)

श्री लाल बिहारी यादव
उप–सचिव (प्रा.)

चितवन राष्ट्रिय निकुञ्ज

### सम्पादन

श्री कुल प्रसाद भुषाल
सदस्य
मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति

श्री गणेश पन्त
सहायक संरक्षण अधिकृत
चितवन राष्ट्रिय निकुञ्ज

### सम्पादन सहयोग

श्री अमिर महर्जन
श्री वेद बहादुर खड्का
श्री रुपक महर्जन
श्री टिकाराम पौडेल
श्री लाल बहादुर भण्डारी
श्री बिष्णु प्रसाद ढकाल

### सहयोग

डा. कमल प्रसाद गैरे
श्री एकनारायण शर्मा
श्री राम बहादुर अधिकारी
श्री कृष्णहरि पण्डित
श्री महेशराज लामिछाने
श्रीमती हिमादेवी भुषाल
श्री रामेश्वर प्रसाद चौधरी
श्री बाबुराम आचार्य
श्री रामकाजी श्रेष्ठ
श्री लवजंग थापा
श्री बसन्तराज देवकोटा
श्री प्रकाश पौडेल



प्रकाशक

**चितवन राष्ट्रिय निकुञ्ज कार्यालय**
**तथा**
**मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति**
**कसरा, चितवन**

फोन नं. ०५६–६२१०६९
इमेलः info@chitwannationalpark.gov.np
वेबसाइटः www.chitwannationalpark.gov.np
आवरण फोटोः अमिर महर्जन, चितवन राष्ट्रिय निकुञ्ज


## सम्पादकीय ...

नेपाल क्षेत्रफलको हिसाबले सानो भएतापनि जैविक विविधताले भरिपूर्ण देशको रुपमा परिचित छ। बिगत चार दशकदेखि नेपालमा जैविक विविधता संरक्षणका संस्थागत प्रयास भईरहेका छन् जुन संरक्षणका स्थापित मान्यता तथा वैज्ञानिक तथ्यमा आधारित छन् । संरक्षणको यो प्रयास देशको करीब २३ प्रतिशत भू-भाग समेटिएको संरक्षित क्षेत्रहरुको संजालभित्र प्रतिनिधिमूलक पारिस्थितिकीय प्रणालीहरुको संरक्षण मार्फत महत्वपूर्ण वन्यजन्तुहरुको जिवनक्षम संख्या कायम राख्न सफल देखिन्छ । तथापि जनसंख्या वृद्धिसंगै चुलिदै गएको असिमित मानवीय आवश्यकताका कारणले दुर्लभ एवं महत्वपूर्ण वन्यजन्तुहरु लगायतका समग्र जैविक विविधता संरक्षण कार्य थप जटिल र चुनौतिपूर्ण बन्दै गइरहेको छ ।

नेपालमा संरक्षणको पर्यायको रुपमा परिचित चितवन राष्ट्रिय निकुञ्जको अद्बितीय जैविक विविधता संरक्षण तथा मध्यवर्ती क्षेत्रमा एकीकृत संरक्षण र विकास कार्यलाई विद्यमान क्षमता तथा उपलब्ध साधन र स्रोतको परिचालन मार्फत आ.व. २०६७/०६८ मा पनि उच्च प्राथमिकताका साथ अगाडि बढाइएको छ । पछिल्लो गणना अनुसार यस निकुञ्जमा एकसिंगे गैंडा, पाटे बाघ, गौरी गाई, घडियाल गोही लगायतका दुर्लभ एवं महत्वपूर्ण वन्यजन्तु प्रजातिहरुको संख्यामा उल्लेख्य वृद्धि भएको छ भने केन्द्रदेखि जिल्लासम्मका सरोकारवाला निकाय तथा व्यक्तिहरुसंगको समन्वय र सहकार्यमा वन्यजन्तुहरुको चोरी शिकार नियन्त्रण कार्यमा उल्लेख्य सफलता प्राप्त भएको छ ।

नेपालको गौरवको रुपमा परिचित एकसिंगे गैंडा, पाटेबाघ लगायतका समग्र जैविक विविधताको संरक्षणका लागि महत्वपूर्ण योगदान गर्नुहुने सम्पूर्ण संस्था तथा व्यक्तिहरुका साथै प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्ने सम्पूर्ण संरक्षणप्रेमीहरुलाई हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा समेत संरक्षण जस्तो महान कार्यमा आ-आफ्नो क्षेत्रबाट थप सहयोग पुऱ्याई जैविक विविधता संरक्षणमा ऐक्यवद्धता जनाइदिनका लागि हार्दिक अनुरोध गर्दछौं ।

**मुद्रण**: बालज्योति अफसेट प्रेस, मालपोत चोक, भरतपुर, चितवन, फोन : ०५६–५२३३२६





# बिषय सूची


चितवन राष्ट्रिय निकुञ्जः संक्षिप्त जानकारी........ १
मुख्य गतिविधीहरु........ २
- निकुञ्ज संरक्षण........ २
- चोरी शिकार नियन्त्रण........ ३
- प्रजाति अनुगमन तथा गणना........ ५
- अध्ययन अनुसन्धान........ ८
- सिमसार क्षेत्र व्यवस्थापन........ ९
- घाँसे मैदान व्यवस्थापन........ ९
- घडियाल गोही संरक्षण........ १०
- कछुवा संरक्षण........ ११
- गिद्द संरक्षण........ १२
- हात्ती प्रजनन तथा व्यवस्थापन........ १३
- वन्यजन्तु उद्दार तथा असहाय वन्यजन्तु व्यवस्थापन........ १३
- वन्यजन्तुको मृत्यु........ १४
- मुद्दा सम्बन्धी विवरण........ १५
- पर्यटक विवरण........ १६
- राजश्व विवरण........ १७
- बेरुजु फछर्यौट........ १७
- बिशिष्ट महानुभावहरुको निकुञ्ज भ्रमण........ १७

मध्यवर्ती क्षेत्र व्यवस्थापन........ १९
- बजेट विनियोजन तथा निकासा........ १९
- बार्षिक प्रगति विवरण........ १९
- संरक्षण कार्यक्रम........ १९
- सामुदायिक विकास कार्यक्रम........ २०
- आय आर्जन तथा सीप विकास कार्यक्रम........ २१
- संरक्षण शिक्षा कार्यक्रम........ २१
- मध्यवर्ती क्षेत्रको अनुगमन........ २१
- जैविक विविधता संरक्षण अन्तरक्रिया........ २२
- एम्बुलेन्स सेवा........ २२
- राइनो कप फुटबल प्रतियोगिता........ २२
- वन्यजन्तुवाट भएको क्षति तथा राहत........ २३
- नदि कटान क्षतिपूर्ति........ २३
- जैविक विविधता संरक्षण कोष........ २४
- मध्यवर्ती क्षेत्रको वन व्यवस्थापन........ २४
- वन अतिक्रमण नियन्त्रण........ २५

मुख्य संरक्षण साझेदार संस्थाहरु........ २६
- राष्ट्रिय प्रकृति संरक्षण कोष/जैविक विविधता संरक्षण केन्द्र........ २६
- तराई भू-परिधि कार्यक्रम/संरक्षित तथा मध्यवर्ती क्षेत्र........ २७

उल्लेख्य गतिविधि........ २९
- बाघ संरक्षण विशेष कार्यक्रम........ २९
- विश्व सिमसार दिवस, २०११........ २९
- वन्यजन्तु सप्ताह, २०६८........ २९
- विश्व हात्ती पोलो प्रतियोगिता........ २९
- खरखडाई निकासी........ ३०
- बिक्रम बाबा मेला........ ३०

हार्दिक स्वागत तथा विदाई........ ३१
अनुसूचीहरु........ ३२

# चितवन राष्ट्रिय निकुञ्जः संक्षिप्त जानकारी

नेपालमा जैविक विविधता संरक्षणको संस्थागत शुरुवातसंगै नेपालको पहिलो संरक्षित क्षेत्रको रुपमा सन् १९७३ मा चितवन राष्ट्रिय निकुञ्जको स्थापना भएको हो । चितवनको जङ्गललाई सन् १८४६ देखि १९५० सम्म राणाहरु र उनीहरुका बिशिष्ट स्वदेशी तथा बिदेशी पाहुनाहरुको लागि शिकार क्षेत्रको रुपमा संरक्षण गरिदै आएको पाइन्छ । त्यस समयमा तराईमा औलोको प्रकोपले आदिवासी थारुहरु बाहेक अन्य मानव बस्ती थिएन । औलो उन्मुलनसंगै पहाडी क्षेत्रका मानिसहरु तराईमा बसाईं सर्ने क्रम शुरु भयो भने सोही समयमा नै राणा शासनको समाप्ति समेत भएकाले यहाँको जङ्गल अतिक्रमणमा तिव्रता आएको पाइन्छ । यसरी जङ्गल फँडानी गरेर घरहरु बनाउने तथा कृषि योग्य जमिनमा रुपान्तरण गर्ने क्रियाकलापले वन्यजन्तुहरुको बासस्थान संकुचित हुँदै गएको साथै चोरी शिकारको समेत कारणबाट एकसिङ्गे गैंडा लगायतका वन्यजन्तुहरुको संख्यामा निकै ह्रास आएको पाइन्छ ।



चितवन उपत्यकामा करीब आठ सयको हाराहारीमा रहेको अनुमान गरिएको एकसिङ्गे गैंडाको संख्या यस अवधिमा सय भन्दा कममा सिमित भएको अनुमान गरियो । उल्लेखित सन्दर्भमा दुर्लभ हुन पुगेका वन्यजन्तुहरुको संरक्षणको आवश्यकता महसुस गरी सन् १९६३ मा राप्ति नदीदेखि दक्षिणको क्षेत्रलाई गैंडा आरक्ष घोषणा गरी सशत्र वन रक्षकबाट गैंडा गस्तीको शुरुवात गरियो । सोही क्रममा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनको प्रावधान अनुसार बिधिवत रुपमा ५४४ वर्ग किलोमिटर क्षेत्रलाई सन् १९७३ मा चितवन राष्ट्रिय निकुञ्ज घोषित गरियो भने सन् १९७७ मा क्षेत्र बिस्तार गरी निकुञ्जको क्षेत्रफल ९३२ वर्ग किलोमिटर बनाइयो । निकुञ्जको चारकिल्ला तथा बिस्तृत सिमाना *(अनुसूची– १)* मा दिइएको छ ।

नेपालको मध्य तराईका चारवटा जिल्लामा फैलिएको यस निकुञ्जको कुल क्षेत्र मध्ये चितवनमा ७४ प्रतिशत, पर्सामा १५ प्रतिशत, मकवानपुरमा ७ प्रतिशत र नवलपरासीमा ४ प्रतिशत क्षेत्र पर्दछ । एकसिङ्गे गैंडा, पाटेबाघ, हात्ती, गौरीगाई तथा घडियाल गोही यस निकुञ्जमा पाइने केही महत्वपूर्ण वन्यजन्तुहरु हुन् । अनुपम भौगोलिक बनावट तथा अद्वितीय जैविक विविधताले भरिपूर्ण यो निकुञ्ज सन् १९८४ देखि विश्व सम्पदा सूचीमा सूचिकृत छ भने निकुञ्जको मध्यवर्ती क्षेत्रमा अवस्थित बीस हजार तथा वरपरका तालहरु रहेको ३२ वर्ग किलोमिटर क्षेत्रलाई सन् २००३ मा अन्तर्राष्ट्रिय महत्वको सिमसार क्षेत्रको रुपमा सूचिकृत गरिएको छ । निकुञ्ज वरपरको ७५० वर्ग किलोमिटर क्षेत्र सन् १९९६ मा मध्यवर्ती क्षेत्र घोषणा भई उक्त क्षेत्रमा स्थानीय उपभोक्ताहरुको प्रत्यक्ष सहभागितामा एकिकृत संरक्षण तथा विकासका कार्यहरु संचालित छन् ।

यस निकुञ्जमा विभिन्न किसिमका वन, घाँसे मैदानहरु तथा सिमसार क्षेत्रहरु पर्ने भएकाले यहाँको पारिस्थितिकीय विविधता उच्च रहेको पाइन्छ । सन् १९७० को दशकमा यस निकुञ्जमा ७० प्रतिशत सालको वन, २० प्रतिशत घाँसे मैदान, ७ प्रतिशत नदी तटीय वन र ३ प्रतिशत सल्लाको वन रहेको थियो । सिमसार क्षेत्रहरुमा बीस हजार ताल, देवी ताल, तमोर ताल, लामी ताल, कमल ताल लगायतका ४० भन्दा बढी ताल तलैयाहरु, नारायणी, राप्ती र रिउ नदीहरु तथा धेरै सानातिना खोलानालाहरु यस निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा पर्दछन् । यस निकुञ्जमा प्रजाति स्तरको विविधता पनि अत्याधिक रहेको पाइन्छ जुन निम्नानुसार रहेको छ ।

| प्रजाति किसिम | नेपालमा पाईने | चितवन राष्ट्रिय निकुञ्जमा पाइने | प्रतिशत |
|---|---|---|---|
| स्तनधारी | २०८ | ६८ | ३३ |
| पंक्षी | ८६९ | ५४५ | ६३ |
| घस्रिने तथा उभयचर | १४३ | ४९ | ३४ |
| माछा | १८५ | १२० | ६५ |

चितवन राष्ट्रिय निकुञ्ज दुर्लभ एकसिंगे गैडाको महत्वपूर्ण बासस्थानको रुपमा प्रसिद्ध छ जहाँ एकसिंगे गैंडाको विश्वमै दोस्रो ठूलो संख्या रहेको छ । त्यसैगरी यस निकुञ्जमा १०० भन्दा बढी बयस्क पाटे बाघ रहेका छन् । यस निकुञ्जको नारायणी र राप्ती नदी विश्वमा नै अति संकटापन्न अवस्थामा रहेको घडियाल गोहीको उपयुक्त बासस्थान हो । हाल निकुञ्जको जैविक विविधता संरक्षणमा रहेका विभिन्न चुनौतिहरुको सामना गर्दै निकुञ्ज संरक्षण र व्यवस्थापनका कार्यहरु अगाडि बढाइएको छ ।

## मुख्य गतिविधीहरु

निकुञ्जको समग्र व्यवस्थापन साथै मध्यवर्ती क्षेत्रको एकिकृत संरक्षण र विकासका लागि २०६७ श्रावणदेखि २०६८ आषाढ मसान्तसम्म भए गरेका मुख्य मुख्य गतिविधीहरुलाई यस प्रतिवेदनमा समेटिएको छ । आ.ब. ०६७/६८ को कार्यक्रमको निकुञ्ज तर्फको बार्षिक प्रगति *(अनुसूची–२)* र हात्तीसार तर्फको बार्षिक प्रगति *(अनुसूची–३)* दुबै ९९.१० प्रतिशत रहेका छन् ।

## निकुञ्ज संरक्षण

संरक्षणको निरन्तर प्रयासको बाबजुद पनि बेला बेलामा हुने गरेको दुर्लभ एवं महत्वपूर्ण वन्यजन्तुहरुको चोरी शिकार संरक्षणका लागि मुख्य चुनौतिको रुपमा रहेको छ । निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा अवैध क्रियाकलापहरु हुन नदिई समग्र जैविक विविधताको संरक्षण गर्नका लागि विभिन्न ५१ स्थानमा निकुञ्ज सुरक्षा पोष्टहरु कायम गरिएको छ । यी पोष्टहरु मध्ये १५ वटामा निकुञ्जका कर्मचारीहरु मात्रै, १९ वटामा नेपाली सेना मात्रै र १७ वटामा निकुञ्जका कर्मचारी र नेपाली सेना दुबै रहेका छन भने १५ वटा पोष्टहरुमा निकुञ्ज गस्तीका लागि हात्तीहरु समेत राखिएको छ *(अनुसूची–४)* ।



तमोर ताल क्षेत्रमा गस्ती गर्दै

चितवन राष्ट्रिय निकुञ्जको सुरक्षा व्यवस्थाको लागि २०३२ सालदेखि नेपाली सेना तैनाथ रहेको छ । शुरुमा नेपाली सेनाको सगरमाथा सेमु र गैंडा गस्ती टोलीले संयुक्त रुपमा सुरक्षा प्रदान गरेको थियो । मिति २०३८/५/२४ देखि नेपाली सेनाको एउटा गणले सुरक्षा प्रदान गर्दै आएकोमा मिति २०६५/२/२५ देखि निकुञ्जको पश्चिम सेक्टरको सुरक्षाका लागि सहित एउटा गुल्म थपिएको छ । चितवन राष्ट्रिय निकुञ्जको सुरक्षार्थ हालसम्म खटिएका गण/गुल्महरुको नामावली *अनुसूची–५* मा दिइएको छ । हाल नन्दाबक्स गणले गण हेडक्वाटर सहित २७ ठाउँमा पोष्ट खडा गरी सुरक्षा प्रदान गर्दै आएको छ भने पश्चिम सेक्टरमा रणदल गुल्मले गुल्म हेडक्वाटर सहित ९ ठाउँमा पोष्ट खडा गरी निकुञ्जको सुरक्षा गर्दै आएको छ ।

निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा वन्यजन्तुहरुको चोरी शिकार लगायतका कानूनले निषेध गरेका गतिविधीहरु हुन नदिनको लागि निकुञ्जका कर्मचारीहरु तथा निकुञ्जको सुरक्षाका लागि खटिएका नेपाली सेनाहरुबाट नियमित गस्तीको व्यवस्था मिलाइएको छ । नियमित गस्ती बाहेक अवस्था र स्थानको संवेदनशिलताको आधारमा बिशेष अप्रेसनहरु गर्ने गरिएको छ भने संवेदनशील क्षेत्रहरुमा स्विपिङ्ग तथा क्याम्पिङ्ग अप्रेसनहरु संचालन गरिएको छ । गस्ती गरिने स्थान र अवस्थाको आधारमा पैदल वा साइकल, मोटरसाइकल, गाडी, डुङ्गा तथा हात्तीमा चढेर आवश्यकता अनुसार गस्ती गर्ने गरिएको छ ।



निकुञ्जको कानामाना क्षेत्रमा चोरी शिकारीले बनाएका छाप्रोहरु जलाउँदै निकुञ्ज र बिशेष फौजको टोली

यस निकुञ्जको भिमपुर पोष्टबाट गएको सेनाको गस्ती टोली मिति २०६७/६/१० गते करिब १२:४५ बजे पोष्ट देखि करिव ६ कि. मि. दक्षिण चुरेडाँडामा पुग्दा डाँडाबाट एक्कासी भरुवा बन्दुकले २ राउण्ड फायरिङ गरेकोले सुरक्षाकर्मीको तर्फबाट जवाफी कारवाहीमा १७ राउण्ड गोली चलाउँदा शिकारीलाई नलागेको र निजहरुले ल्याएको भरुवा बन्दुक २ थान, गन पाउडर आधा के.जी, वेरिङको गोली करिब आधा के.जी, सोलार प्यानेल एक र ३ वटा झोलामा खाने बस्ने बन्दोवस्तीका सामान फेला परेको थियो ।

बिशेष सुरक्षा प्रबन्ध अन्तर्गत श्री युद्ध भैरव गणको टोली मिति २०६७।१०।२१ देखि २०६८।३।३२ सम्म ५ महिना भन्दा बढी यस निकुञ्जमा तैनाथ रहेको थियो । उक्त टोलीले निकुञ्ज र मध्यवर्ती क्षेत्रको सुरक्षा कार्यवाहीमा मद्दत पुऱ्याएको थियो भने उक्त अबधिमा नै गण र गुल्म बदली हुने समय परेको हुँदा निकुञ्जको संरक्षणमा थप सहयोग मिलेको थियो । बिशेष फौजले निकुञ्ज कार्यालय र नियमित सेनासंग मिलेर निकुञ्ज र मध्यवर्ती क्षेत्रमा केही सफल अप्रेसनहरु समेत गरेको थियो ।

## चोरी शिकार नियन्त्रण

दुर्लभ एकसिङ्गे गैंडाको चोरी शिकार चितवन राष्ट्रिय निकुञ्ज संरक्षणको लागि प्रमुख चुनौति हो। विद्यमान क्षमता र उपलब्ध साधन स्रोतको अधिकतम उपयोग गरी दुर्लभ वन्यजन्तुहरुको चोरी शिकार नियन्त्रण गर्न बर्षभरी नै प्रयास गरिएको थियो। आ.ब ०६७/६८ मा चोरी शिकार नियन्त्रणका लागि मिलाइएको बिशेष व्यवस्था र सम्पूर्ण सरोकारवालाहरुको सहयोगबाट यस बर्ष एकसिङ्गे गैंडाको चोरी शिकार नियन्त्रणमा उल्लेख्य सफलता मिलेको छ। बिगत बर्षहरुमा औषतमा एक दर्जन भन्दा बढी हुने गरेको एकसिङ्गे गैंडाको चोरी शिकारलाई यस आ.ब.मा २ वटामा सिमित गर्न सकिएको छ। यस अबधिमा वन तथा वन्यजन्तुसंग सम्बन्धित अपराधमा संलग्न ३०४ जना अभियुक्तहरुलाई पक्राउ गरी कसुर बमोजिमको कानूनी कार्यवाही अगाडि बढाइएको छ जसमध्ये ५५ जना गैंडाको चोरी शिकार तथा खाग बिक्रीमा संलग्न रहेका छन् *(अनुसूची- ६)*।

यस निकुञ्ज कार्यालय र नन्दाबक्स गणको संयुक्त टोलीले गैंडा मारी खाग बिक्री व्यवसायमा संलग्न शक्तिखोर–८, चितवनका केदार प्रजा लगायतका ६ जनालाई मिति २०६७ फाल्गुन १४, १५, १७ र २१ मा पक्राउ गरी यस कार्यालयमा बुझाएको थियो।


केदार प्रजा


बुद्धिबहादुर प्रजा


सुमन बमजन


शिवलाल वि.क.


देवबहादुर प्रजा

निजहरु मध्ये टेक बहादुर तामाङ्ग निर्दोष देखिएकोले सफाई पाएका छन भने बाँकी पाँच जना हाल पुर्पक्षका लागि भरतपुर कारगारमा थुनामा रहेका छन्।

चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट प्राप्त सूचनाको आधारमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले काठमाण्डौबाट पिछा गर्दै स्याङजामा पक्राउ गरेको कोराक–९, चितवनका काजीमान प्रजा लगायत ५ जनालाई मिति २०६७/११/१५ मा यस कार्यालयमा बुझाएको थियो।

गैंडा मारी खाग बिक्री व्यवसायमा संलग्न भनी यसअघि नै


काजिमान प्रजा


कल्पना प्रजा


डिलमाया प्रजा


देवी चेपाङ


सानुमाया बुलन

प्रतिवादी कायम भइसकेका कुख्यात तस्कर काजीमान लगायतले आफुले गरेको कसुरमा साबिती भई बयान गरेको हुँदा निजहरु हाल पुर्पक्षका लागि भरतपुर कारगारमा थुनामा रहेका छन्।

यस निकुञ्ज कार्यालय, नन्दाबक्स गण र केन्द्रीय अनुसन्धान ब्युरोको संयुक्त टोलीले बाघको छाला र हड्डी सहित मकवानपुरका अमित गोले, देवेन्द्र कुमार मोक्तान, राम बहादुर बुलन र प्रेम बहादुर खड्कालाई पक्राउ गरी मिति २०६७।१२।१६ मा यस निकुञ्ज कार्यालयमा बुझाएको थियो।



पर्सा वन्यजन्तु आरक्षको मध्यवर्ती क्षेत्रमा वारदात भएको व्यहोरा बयानबाट खुल्न आएको हुँदा थप अनुसन्धानको लागि उक्त मुद्दा पर्सा वन्यजन्तु आरक्ष कार्यालयलाई हस्तान्तरण गरिएको थियो।





कठार गा.बि.स.स्थित जिन्दगानीघाटबाट निकुञ्ज प्रवेश गर्न लाग्दा नन्दाबक्स गण र युद्ध भैरव गणको संयुक्त टोलीले पक्राउ गरेको बसामाडी–३, मकवानपुरका शेर बहादुर खाती र यसै मुद्दासंग सम्बन्धित रामशरण वि.क. लगायतका ३ जनालाई निकुञ्ज कार्यालय, नन्दाबक्स गण र केन्द्रीय अनुसन्धान व्युरोको संयुक्त टोलीले पक्राउ गरी मिति २०६७/१२/२१ मा यस कार्यालयमा बुझाएको थियो। निजहरु हाल पुर्पक्षका लागि भरतपुर कारागारमा थुनामा रहेका छन्।


शेरबहादुर खाती


रामशरण वि.क.


ओमनाथ निरौला


छिरिङ पाल्दान लामा

यस निकुञ्ज र नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरोको संयुक्त पहलमा काठमाण्डौको ठमेलबाट गैंडाको खाग थान एक सहित ताकुकोट–१, गोरखाका महेश सुवेदी लगायतका ६ जनालाई



महेश सुवेदी


धनबहादुर घले


कृष्णाकुमारी घले


चतुरबहादुर गुरुङ


सुविर श्रेष्ठ


पेमा साङगे शेर्पा

मिति २०६८/१/२ मा पक्राउ गरी यस निकुञ्ज कार्यालयमा बुझाएको थियो। निजहरुबाट बरामद गरिएको खाग परीक्षणको लागि राष्ट्रिय विधी विज्ञान प्रयोगशालामा पठाइएकोमा सक्कली खाग नभएको भनी प्रतिवेदन प्राप्त भएको छ। हाल कृष्ण कुमारी घले पुर्पक्षका लागि भरतपुर कारगारमा थुनामा रहेको र बाँकी ५ जना रु. १ लाखका दरले धरौटी राखी तारेखमा रहेका छन्।


बरामद गरिएको नक्कली खाग

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले काठमाण्डौको माछापोखरीबाट गैंडाको खाग थान एक सहित फुलखर्क–४, धादिङ्गका लोर बहादुर गुरुङ्गलाई पक्राउ गरेको साथै यस कारोबारमा संलग्न रहेको आशंकामा त्रिपुरेश्वर–६, धादिङ्गका दिनेश अधिकारी लगायतका ७ जनालाई पक्राउ गरी मिति २०६८/०३/२४ मा यस कार्यालयमा बुझाएको थियो।


लोरबहादुर गुरुङ


दिनेश अधिकारी



नारायण श्रेष्ठ


भिमबहादुर वि.क.


दिलबहादुर वि.क.


देवबहादुर प्रजा


टेकबहादुर तामाङ


शिवलाल वि.क.


बरामद नक्कली खाग

यस सम्बन्धमा अनुसन्धान गरी मुद्दा दायर गर्नका लागि सरकारी वकीलको राय माग गरिएकोमा यस सम्बन्धी वारदात चितवन जिल्लामा भएको नदेखिएकोले यस निकुञ्ज कार्यालयमा मुद्दा चल्न नसक्ने राय प्राप्त भएको हुँदा सम्बन्धित सम्पूर्ण कागजातहरु सहित अभियुक्तहरुलाई जिल्ला वन कार्यालय, काठमाण्डौ पठाइएको थियो।

यसरी वन्यजन्तुसंग सम्बन्धित अपराध नियन्त्रण गर्नमा चितवन राष्ट्रिय निकुञ्जलाई निकुञ्ज सुरक्षार्थ तैनाथ नेपाली सेना, स्थानीय प्रशासन, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा मध्यवर्ती क्षेत्रका समुह, समितिहरुका साथै आम उपभोक्ताहरुको सहयोग र साथ रहेको थियो । उल्लेखित कार्यमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको नेतृत्वदायी भूमिका तथा नेपाल प्रहरी अन्तर्गतको केन्द्रिय अनुसन्धान व्युरोको समेत संलग्नताले थप सहयोग एवं हौसला प्रदान गरेको थियो ।

## प्रजाति अनुगमन तथा गणना

निकुञ्ज स्थापनाकालदेखि नै मुख्य मुख्य वन्यजन्तु प्रजातिहरुको अनुगमन तथा गणना कार्य गरिंदै आइएको छ । चितवन राष्ट्रिय निकुञ्जको स्थापना खासगरी दुर्लभ वन्यजन्तु एकसिंगे गैंडाको संरक्षणको लागि गरिएको हुँदा निकुञ्जको संरक्षणको स्थितिको सूचकको रुपमा यसको संख्यालाई लिने गरिन्छ ।

चितवन राष्ट्रिय निकुञ्जको स्थापनासंगै नेपालमा संरक्षणका लागि सन् १९७० को दशकमा भएको संस्थागत प्रयासको प्रतिफल स्वरुप **गैंडा**को संख्यामा क्रमिक वृद्धि भएको पाइन्छ । सन् १९६० को दशकमा एक सयको हाराहारीमा रहेको गैंडाको संख्या सन् १९७० को दशकमा ३१० पुग्यो । सन् २००० मा भएको गैंडा गणना अनुसार गैंडाको संख्या ५४४ रहेको थियो भने देशमा फैलिएको सशस्त्र द्वन्द्वको कारण निकुञ्जको सुरक्षा व्यवस्थामा परेको असरले गर्दा धेरै गैंडा चोरी शिकारीको कारणबाट मारिई सन् २००५ को गणनामा गैंडाको संख्या घटेर ३७२ पुगेको थियो ।




सन् २००२ मा ३८ वटा रहेको सुरक्षा पोष्टहरुको संख्या सन् २००६ मा ७ वटामा सिमित हुन पुगेको थियो भने सशस्त्र द्वन्द्वपछि पोष्टहरु बिस्तार हुने क्रममा हाल पोष्टहरुको संख्या ५१ रहेको छ । निकुञ्जको सदृढ सुरक्षा व्यवस्थासंगै गैंडाको संख्यामा पनि वृद्धि भई सन् २००८ मा चितवन राष्ट्रिय निकुञ्जमा गैंडाको संख्या ४०८ पुगेको थियो भने सन् २०११ को गणना अनुसार चितवन राष्ट्रिय निकुञ्ज र वरपर ५०३ वटा गैंडा रहेका छन् ।



गैंडा गणना २०११ चितवन राष्ट्रिय निकुञ्जमा अप्रिल ५ (चैत्र २२, २०६७) बाट गणना शुरु भई अप्रिल २३ (बैशाख १०, २०६८) मा सम्पन्न भएको थियो । उक्त कार्यमा चितवन राष्ट्रिय निकुञ्जका २३ वटा, जैविक विविधता संरक्षण केन्द्रका ३ वटा, पर्सा वन्यजन्तु आरक्षका ४ वटा र गैंडा वाईल्ड लाईफ क्याम्पका ४ वटा गरी नियमित ३४ वटा हात्ती प्रयोग गरिएको थियो भने चितवन राष्ट्रिय निकुञ्ज भित्रका होटेलहरुका हात्ती पनि आवश्यकता अनुसार प्रयोग भएका थिए । चितवन राष्ट्रिय निकुञ्ज, जैविक विविधता संरक्षण केन्द्र, तराई भू-परिधि कार्यक्रम, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, नेचर गाईड एसोसिएसन समेतका गरी ३० जना गणक र सुरक्षाकर्मी सहित हात्तीमा चढी गैंडा गणना कार्य गरिएको थियो जसमा चितवन राष्ट्रिय निकुञ्ज र वरपरको क्षेत्रमा निम्नानुसारका गैंडाहरु गणना पाईएको थियो ।

| | भाले | पोथी | लिङ्ग छुट्याउन नसकिएको | जम्मा |
|---|---|---|---|---|
| बयश्क | १२६ | १५७ | ४९ | ३३२ |
| अर्ध-बयश्क | ९ | १४ | ३७ | ६० |
| बच्चा | १० | १२ | ८९ | १११ |
| जम्मा | १४५ | १८३ | १७५ | ५०३ |

*स्रोत: गैंडा गणना, २०११*

चितवन राष्ट्रिय निकुञ्जमा पछिल्लो पटक **बाघ** अनुगमन बि.सं. २०६६ मंसिरदेखि चैत्रसम्म गरिएको थियो । जस अन्तर्गत शुरुको एक महिना बाघ पाइने क्षेत्रको सर्वेक्षण र पछिल्लो ६२ दिन क्यामेरा ट्र्यापिङ्ग संचालन गरिएको थियो । उक्त अनुगमनबाट निकुञ्जको चुरिया क्षेत्र र मध्यवर्ती क्षेत्रको बरण्डाभार समेत

गरी १,२६१ वर्ग किलोमिटर क्षेत्रमा १२५ बयस्क बाघ (९५ देखि १८५) रहेको अनुमान गरिएको छ ।



यसअघि बि.सं. २०६५ मा गरिएको बाघ अनुगमनबाट चितवन राष्ट्रिय निकुञ्जमा ९१ वटा बयस्क बाघ (७१ देखि १४७ सम्म) रहेको तथ्य सार्वजनिक गरिएको थियो तर उक्त अनुगमनमा चुरिया क्षेत्र समेटिएको थिएन । आ.ब. ०६७/६८ मा पनि आंशिक रुपमा बाघ अनुगमन बि.सं. २०६७ मंसिरदेखि चैत्रसम्म चुरिया क्षेत्रमा अनुसन्धानकर्तासंग संयुक्त रुपमा क्यामेरा ट्रयापिङ्ग संचालन गरिएको थियो ।

**चितवन राष्ट्रिय निकुञ्जमा बयस्क बाघको संख्या**




अति संकटापन्न जलचर **घडियाल** गोहीको अनुगमन नियमित रुपमा गर्ने गरिन्छ । सन् २००८ मा गरिएको गणना अनुसार नेपालमा ८१ वटा घडियाल गोही रहेको तथ्याङ्क छ जसमध्ये नारायणी र राप्ति नदिमा ६५ वटा घडियाल गोही पाईएको थियो । सन् २०११ को फेब्रुअरी र मार्चमा गरिएको गणनामा नेपालमा १०२ वटा घडियाल गोही पाइएका छन् । जसमध्ये नारायणी नदिमा ४८ र राप्ति नदिमा ३३ वटा गरी चितवनमा ८१ वटा घडियाल गोही रहेका छन् जुन नेपालका नदिहरुमा



पाइएको घडियाल गोहीको ८० प्रतिशत हो । यसरी सन् २००८ देखि २०११ को अबधिमा नेपालमा २१ प्रतिशतले घडियाल गोहीको संख्यामा वृद्धि भएको छ भने चितवनमा मात्र २६ प्रतिशतले वृद्धि भएको छ । सन् २०११ को गणनामा बर्दिया राष्ट्रिय निकुञ्जको कर्णाली नदिमा ४ र बबई नदिमा १७ वटा घडियाल गोही पाइएका छन् तर सन् २०१० मा १० वटा छोडिएको कोशी नदिमा घडियाल गोही भेटिएन । यस पटकको गणनामा घडियाल गोही पाइने नदिहरुको प्रत्येक खण्डमा तीन पटक गणना गरी आएको सबभन्दा बढी संख्यालाई नै घडियालको संख्या कायम गरिएको छ ।

त्यसैगरी सन् २००२ मा गरिएको गणना अनुसार यस निकुञ्जमा ४० देखि ५० वटासम्म **जङ्गली हात्ती**हरु रहेका छन् । सन् १९९४ मा गरिएको गणना अनुसार यस निकुञ्जमा २०० देखि २५० सम्म **काठे भालु** रहेका थिए । काठे भालु समय समयमा प्रत्यक्ष रुपमा देखिएको तथा अप्रत्यक्ष संकेतका आधारमा यस निकुञ्जमा हाल काठे भालुको संख्या पनि वृद्धि भएको अनुमान गरिएको छ ।

यस निकुञ्जमा पाइने अन्य वन्यजन्तु प्रजातिहरुको पनि उपयुक्त विधि प्रयोग गरी समय समयमा अनुगमन तथा गणना गर्ने

गरिएको छ । सन् २००९ मा गरिएको सर्वेक्षण अनुसार **बाघका आहारजन्य प्रजातिहरु**को अनुमानित संख्या तथा घनत्व निम्नानुसार रहेको छ ।

| प्रजाति | अनुमानित संख्या | घनत्व (प्रति वर्ग किलो मिटर) |
|---|---|---|
| जरायो | ४,५६७ | ७.५ |
| चित्तल | २६,८४९ | ४३.९ |
| लगुना | ३,१४३ | ५.१ |
| रतुवा | २,२६५ | ३.७ |
| बँदेल | २,५७३ | ४.२ |

*स्रोतः चितवन राष्ट्रिय निकुञ्ज, २००९*

सन् १९८० को दशकमा नारायणी नदिमा ७ वटा **डल्फिन** रहेको अनुमान गरिएको थियो तर पछिल्लो समयमा डल्फिन देख्न छाडिएकोले नारायणी नदिबाट डल्फिन लोप भइसकेको हुनसक्ने अनुमान गरिएको थियो । हाल घडियाल गोही अनुगमन तथा जल पंछी गणना गर्ने क्रममा नारायणी नदीको बागवान र त्रिबेणी क्षेत्रको बिचमा पर्ने भेलौजी क्षेत्रमा २०६६ माघमा दुई वटा डल्फिन देखिएको थियो । उक्त डल्फिन त्यस क्षेत्रमा २०६६ पौषदेखि देखिएको जानकारी त्यस क्षेत्रका माझीहरुले दिएका थिए ।

यस निकुञ्जमा रहेका **गौरी गाई** गणनाको कार्य २००७ मा भएको थियो । जस अनुसार यस निकुञ्ज भित्र २९६ वटा गौरी गाई रहेका थिए । यस आ.ब.मा गौरी गाई अनुगमनको कार्य




सम्पन्न गरिएको छ । गौरी गाई पाइने निकुञ्ज क्षेत्रलाई १२ वटा र संरक्षित वन क्षत्रमा एउटा गरी १३ वटा खण्डमा विभाजन गरी हात्तीमा चढेर गौरी गाई अनुगमन कार्य २०६८ बैशाख महिनाको ११ गते देखि ३ दिनसम्म गरिएको थियो । पहिलाको भन्दा गौरी गाईको संख्यामा वृद्धि भएता पनि अनुगमनको समय केही ढिलो भएकोले सबै गौरीगाईहरु नसमेटिएको अनुमान गरिएको छ । सो अनुगमनमा २२ वटा हात्ती प्रयोग गरिएको थियो भने उक्त कार्यमा २४ जना अवलोकनकर्ता र २२ जना सुरक्षाकर्मी गौरी गाई अनुगमन कार्यमा सहभागी भएका थिए । गौरी गाई अनुगमनका क्रममा प्रत्यक्ष देखिएका र अप्रत्यक्ष रुपमा प्राप्त तथ्याङ्कको आधारमा हाल निकुञ्ज र वरपरको क्षेत्रमा ३१२ वटा गौरी गाईहरु रहेको अनुमान गरिएको छ । अनुगमनका क्रममा विभिन्न खण्डहरुमा रेकर्ड गरिएका गौरी गाईहरुको विवरण निम्नानुसार रहेको छ ।

| खण्ड | भाले | पोथी | नछुट्टिएको | बच्चा | जम्मा |
|---|---|---|---|---|---|
| १.सुनाचरीदेखि हर्दा | ६ | ९ | २२ | ६ | ४३ |
| २.हर्दा खोलादेखि चपरचुली | ० | ० | ० | ० | 0 |
| ३.चपरचुलीदेखि हात्तीखेत | १ | १ | ५ | ० | ७ |
| ४.हात्तीखेतदेखि भवानीपुर | ९ | ५ | १९ | ५ | ३८ |
| ५.भवानीपुरदेखि जर्नेली | १४ | ३३ | ११ | ५ | ६३ |
| ६.जर्नेलीदेखि तमोर ताल | ३२ | ३८ | ० | ११ | ८१ |
| ७.तमोरतालदेखि कमल ताल | ० | ० | ४१ | ० | ४१ |
| ८.कमल तालदेखि रिउ | ० | ० | ० | ० | ० |
| ९.माडी | ० | ० | ० | ० | ० |
| १०.रिउदेखि साइलीमाइली | ० | ० | ९ | ० | ९ |
| ११.साइलीमाइली देखि सेरी | ० | ० | २ | ० | २ |
| १२.सेरीदेखि तमासपुर | २ | ४ | ९ | २ | २२ |
| १३.बरण्डाभार र पदमपुर (संरक्षित वन क्षेत्र) | २ | ४ | ० | ० | ६ |
| जम्मा | ६६ | ९४ | १०७ | २९ | ३१२ |

***स्रोतः चितवन राष्ट्रिय निकुञ्ज २०११***

सिमसार क्षेत्रहरु **जल पंक्षी**को विचरण, प्रजनन तथा आहाराका लागि सुरक्षित स्थान हो भने सिमसार क्षेत्रमा पंक्षीहरुको उपस्थितिलाई स्वस्थ्य सिमसारको सूचकको रुपमा लिइन्छ । यस निकुञ्ज क्षेत्रमा ५४५ प्रजातिका पंक्षीहरु पाईने (बराल र उपाध्याय २००६, गिरी र चौधरी २००८, गिरी र चौधरी २०१०) मध्ये झण्डै १२० प्रजातिका सिमसार क्षेत्रमा निर्भर जलपंक्षी रहेका छन् जसमा ८० प्रजाति जाडो याममा आउने, ६ प्रजाति गर्मी याममा आउने, २८ प्रजाति रैथाने र ६ प्रजाति फिरन्ते (Vagrant) को रुपमा देखा पर्ने गरेका छन् ।

यस निकुञ्जमा जाडो छल्न अधिकांश पंक्षीहरु हाम्रै देशको उच्च हिमाली भेग, चिनको तिब्बत, मंगोलिया, यूरोप एवं साईवेरियाबाट तथा गर्मी याममा प्रजननको लागि दक्षिण भारत, फिलिपिन्स, बर्मा लगायतका देशबाट आउने गरेका छन् ।

पंक्षीहरु स्वस्थ्य वातावरणको सूचक भएको हुनाले यी पंक्षीहरु र यिनीहरुको बासस्थानको अवस्था बारे जानकारी लिई संरक्षण



कार्य अगाडि बढाउनका लागि यस निकुञ्जको सिमसार क्षेत्रमा पंक्षी गणना गरिएको थियो । मध्य जाडोको समयमा गरिने



जलपंक्षी गणना ४ देखि ९ फेब्रुअरी, २०११ मा निकुञ्जको पूर्वी सिमाना सुनाचुरीदेखि राप्ति दोभान हुँदै नारायणीको त्रिवेणीसम्म डुङ्गाबाट गरिएकोमा ४७ प्रजातिका ११,४१९ जल पंक्षीहरु रेकर्ड गरिएको थियो *(अनुसूची- ७ )*।

## अध्ययन अनुसन्धान

यस निकुञ्जमा फैलिएको मिचाहा माईकेनिया प्रजातिको लहरे झार *(Mikania micrantha)* बाट गैडा तथा अन्य शाकाहारी वन्यजन्तुमा परेको असर बारे अध्ययन गर्न चितवन राष्ट्रिय निकुञ्जको ईचर्नीमा रहेको जख्खु भालेलाई चितवन राष्ट्रिय निकुञ्ज र जैविक विविधता संरक्षण केन्द्रका प्राविधिकहरुद्धारा मिति २०६७/९/८ गते डार्ट गरी जि.पि.एस. कलर लगाईएको



गैंडालाई जि.पि.एस. कलर लगाईदै

छ । बिगत एक वर्ष देखि उक्त भालेको गतिविधी सेटलाईट विधीबाट अध्ययन गरिएको हो । Crisis to biological management: Rhino and Terai Grassland Nepal शीर्षक अन्तर्गत मिचाहा प्रजातिबाट गैंडामा परेको असर अध्ययनको लागि जम्मा ७ वटा गैंडालाई डार्ट गरी जि.पि.एस. कलर लगाइएको छ । उक्त अध्ययन जैविक विविधता संरक्षण केन्द्रका प्रमुख श्री नरेश सुवेदीको विद्यावारिधीसँग सम्बन्धित छ जसमा माइकेनियाको खाद्य महत्व लगायत विविध पक्षमा अध्ययन हुदैछ ।

यस निकुञ्ज क्षेत्रमा त्रिभुवन विश्वविद्यालयका सह-प्राध्यापक श्री तेज थापाले बिगत चार बर्षदेखि चितुवाको बिभिन्न पक्षमा विद्यावारिधि स्तरको अध्यन सम्पन्न गरी सक्नुभएको छ । निकट भबिष्यमा उहाँको शोधको नतिजा सार्बजनिक भई चितवन राष्ट्रिय निकुञ्जको व्यवस्थापनमा उपयोग गर्न सकिने अपेक्षा गरिएको छ । अर्का अनुसन्धानकर्ता श्री कञ्चन थापाको विद्यावारिधि स्तरको अध्यन चुरिया क्षेत्रमा बाघको अवस्थामा केन्द्रित रहेको छ । चुरिया क्षेत्रमा बाघको अवस्था, बाघको आहारा प्रजातिको अवस्था र राम्रो पानीको स्रोत भएकोले बाघले क्षेत्र बिस्तार गर्न सक्ने देखिएतापनि गैह्रकाष्ठ वन पैदावारको चोरी निकासी, काठ

चोरी निकासी र बाघको आहारा प्रजातिको चोरी शिकार जस्ता चुनौतिहरु उक्त क्षेत्रमा रहेको पाइएको छ । यस्ता अवैध क्रियाकलाप नियन्त्रणका लागि चुरिया क्षेत्रमा स्थायी पोष्ट स्थापना नभएसम्म नियमित तथा विशेष गस्तीलाई निरन्तरता दिनु पर्ने आवश्यकता रहेको छ । यस आ.ब.मा निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा भएका अध्ययन अनुसन्धानको संक्षिप्त विवरण अनुसूची-८ मा दिइएको छ ।

## सिमसार क्षेत्र व्यवस्थापन

सामान्यतया सिमसार क्षेत्र अन्य क्षेत्रहरुको तुलनामा बढी उर्वर हुने भएकाले अधिकांश वन्यजन्तुहरु सिमसार क्षेत्र वरपर बस्न रुचाउँछन् । सिमसार क्षेत्र वन्यजन्तुहरुको लागि पानीको उपयुक्त स्रोत पनि हो । तसर्थ चितवन राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा अवस्थित ४० भन्दा बढी साना ठूला तालहरुले जैविक विविधता संरक्षणमा अहम भूमिका निर्वाह गरेका छन् । यी तालहरुमा क्रमिक रुपमा अबान्छित वनस्पतिहरुको विकास, वरपरबाट तालमा थुप्रिने ढुंगा, माटो, बालुवा तथा तालमा जम्मा हुने जैविक तत्व लगायतबाट सिमसार क्षेत्रको क्षेत्रगत तथा गुणात्मक क्षमतामा ह्रास आइरहेको छ ।



निकुञ्ज भित्रको तमोर ताल सफा गरिदैं

उल्लेखित सन्दर्भमा तालहरुमा पानीको निश्चित सतह कायम राख्नका लागि आवश्यकता अनुसारको संरचना निर्माण तथा तालको सरसफाई नियमित रुपमा गर्न आवश्यक छ । यस आ.ब.मा निकुञ्जभित्रको लामी तालको पश्चिमतर्फ बाँध बनाइएको छ भने सेरा ताल पुरिन लागेकोले उक्त तालको माटो तथा झाडीहरु हटाइ मर्मत सुधार गरिएको छ। त्यसैगरी तमोर तालको सफाई गरिएको छ ।

सन् २००३ मा अन्तराष्ट्रिय महत्वको सिमसार क्षेत्रमा रामसार क्षेत्र घोषित बीस हजार तथा वरपरका तालहरुको दिगो संरक्षण तथा व्यवस्थापनका लागि पाँच बर्षीय स्थलगत व्यवस्थापन योजना (Site Management Plan) तयार गरी गत आ.ब.मा नै स्वीकृतिका लागि विभाग मार्फत मन्त्रालयमा पेश गरिएको छ। जिल्ला विकास समितिको कार्यालय, चितवन मार्फत बीस हजार तालको संरक्षण तथा पर्यटन प्रवर्धनका लागि प्राप्त आर्थिक सहयोगबाट तालको सफाई, पोष्ट निर्माण, योजना तयारी लगायतका कार्यहरु सम्पन्न गरिएको हो ।

सहभागितात्मक पद्दतिबाट तयार गरिएको उक्त योजनामा सरोकारवालाहरुबीचको समन्वयलाई संस्थागत गर्नका साथै दीगो आर्थिक स्रोतको व्यवस्था तथा परिचालनका लागि मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षको संयोजकत्वमा रहने गरी बीस हजार ताल व्यवस्थापन बोर्ड प्रस्ताव गरिएको छ । त्यसैगरी स्थानीय समुदाय तथा सम्बन्धित संस्था तथा व्यक्तिहरुसंगको समन्वयमा संरक्षण र व्यवस्थापनका कार्यहरु संचालन गर्न स्थानीय मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका अध्यक्षको नेतृत्वमा बीस हजार ताल संरक्षण समितिको व्यवस्था गरिएको छ। पाँच बर्ष अवधिको उक्त योजना कार्यान्वयनको लागि अनुमानित रु. ५ करोडको बजेट प्रस्ताव गरिएको छ भने मुख्य आर्थिक स्रोतको रुपमा पर्यटक प्रवेश शुल्क रहेको छ ।

## घाँसे मैदान व्यवस्थापन

चितवन राष्ट्रिय निकुञ्जको संरक्षण र व्यवस्थापनमा घाँसे मैदानको अहम भूमिका रहेको छ। घाँसे मैदानले गैंडा, हात्ती तथा विभिन्न



प्रजातिका मृगहरुलाई आहाराका साथै विभिन्न प्रजातिका वन्यजन्तुहरुलाई आश्रयस्थल प्रदान गर्दछ ।

सन् १९७० को दशकमा निकुञ्जको २० प्रतिशत भन्दा बढी भागमा घाँसे मैदान रहेको थियो भने प्राकृतिक चक्रको कारणबाट

घाँसेमैदानमा क्षेत्रगत एवं गुणात्मक रुपमा क्रमिक ह्रास आइरहेको छ। अर्कोतर्फ माइकेनिया लगायतका मिचाहा प्रजातिको असर समेत घाँसे मैदानहरुमा अत्याधिक रहेको छ । यस आ.ब.मा निकुञ्जको डुमरिया, सुखीभार, घटगाई-लामीताल, खोरिया मुहान र सौराहा १ नम्बर पुल क्षेत्रमा गरी करीब २ वर्ग किलोमिटर घाँसे मैदान व्यवस्थापन गरिएको छ ।

## घडियाल गोही संरक्षण

सन् १९५० को दशकसम्म नेपाल, भारत, भुटान, पाकिस्तान, बङ्गलादेश र बर्माका नदिहरुमा प्रशस्त मात्रामा घडियाल गोही पाइन्थे । त्यसताका नारायणीमा २३५ वटा घडियाल पाईएको तथ्याङ्क छ। जनसंख्या वृद्धिसंगै बढ्दै गएको मानवीय चाप तथा शहरीकरण एवं औधोगिकरणबाट सिर्जित जल प्रदुषण लगायतका कारणबाट सन् १९७० को दशकमा घडियालको संख्यामा अत्यन्त ह्रास आयो। फलस्वरुप विश्वमा नै घडियालको संख्या नेपाल र भारतमा गरी मात्र २०० मा सिमित हुन पुग्यो भने नारायणी नदिमा केबल ५३ वटा घडियाल बाँकी रहन गयो । यसरी घडियाल लोप हुँदै जानुमा घडियाल गोहीको बिशिष्ट स्वभाव तथा आवश्यकता पनि जिम्मेवार छ जस्तै बगिरहने सफा पानी



प्रजनन् केन्द्रमा घडियाल गोहीका बच्चाहरु

आवश्यक हुनु, आहारको लागि माछा आवश्यक हुनु र सामान्य खालको दबाब पनि सहन गर्न नसक्नु र घडियालको अण्डा तथा बच्चालाई मगर गोही, पानीमा विचरण गर्ने ठूलाखाले पंक्षी, कछुवा लगायतका अन्य जलचरहरु तथा स्याल, कुकुरहरुले समेत खाईदिने आदि कारणले प्राकृतिक अबस्थामा बच्चा घडियालको मृत्युदर ९९ प्रतिशत रहेको छ ।

नेपाल र भारतका केही नदीहरुमा न्यून संख्यामा रहेको घडियालको दिर्घकालीन संरक्षणका लागि घडियाल प्रजनन केन्द्रको आवश्यकता महसुस गरी सन् १९७५ मा भारतमा घडियाल संरक्षण प्रजनन केन्द्रको स्थापना गरियो भने नेपालमा सन् १९७८ मा फ्रयाङ्कफर्ट जुलोजिकल सोसाईटीको आर्थिक सहयोगमा चितवन राष्ट्रिय निकुञ्जको कसरामा घडियाल संरक्षण प्रजनन केन्द्रको स्थापना भयो। हाल यसको व्यवस्थापनको सम्पूर्ण खर्च नेपाल सरकारले व्यहोर्दै आएको छ भने गत बर्षदेखि यो केन्द्र अवलोकनका लागि आउने बिदेशीबाट प्रति व्यक्ति रु. १००।- र नेपालीबाट प्रति व्यक्ति रु.२०।- शुल्क उठाउने व्यवस्था गरिएको छ ।

नदिमा अनियन्त्रित रुपमा माछा मार्ने कार्य, बाढी, प्रदुषण तथा नदिमा निर्मित बाँध लगायतका कारणहरुले गर्दा घडियालको स्वस्थानीय संरक्षण चुनौतिपूर्ण छ । घडियाल गोहीलाई विश्व संरक्षण संघले अति संकटापन्न प्रजातिको सूचीमा समावेश गरेको छ । प्राकृतिक अबस्थामा घडियालका गुँडबाट निस्केका बच्चाहरु १ प्रतिशत मात्र बाँच्ने कुरा अध्ययनले देखाएकोले नदी किनारामा रहेका घडियालका गुँडबाट अण्डा संकलन गरी यसबाट निस्कने बच्चा ४ देखि ६ वर्ष सम्म यस केन्द्रमा हुर्काएर मात्र नदिमा छोड्ने गरिएको छ । सन १९८१ देखि हालसम्म यस प्रजनन केन्द्रबाट ७६१ वटा घडियाल गोहीहरु देशका प्रमुख नदीहरुमा छोडिएको छ भने नारायणी नदिमा मात्रै ३९९ वटा घडियाल गोही छाडिसकिएको छ। यस आ.ब.मा विश्व सिमसार दिवस फेब्रअरी २, २०११ को अबसरमा राप्ति नदिमा १० वटा घडियाल गोही छाडिएको छ ।

नेपालका नदिहरुमा छाडिएका घडियाल गोहीको संख्या




स्थापनाकालमा नारायणी बगरबाट घडियालको अण्डा संकलन गरेर यस केन्द्रमा बच्चा हुर्काइएको थियो भने प्रजनन केन्द्रमा रहेका घडियालहरुले पनि २०५१ साल देखि नै निरन्तर रुपमा बच्चा कोरली रहेका छन । यस आ.ब.मा घडियाल संरक्षण

प्रजनन केन्द्रमा हुकाईएका घडियाल गोहीबाट र नारायणी एवं राप्ति नदिमा रहेका घडियाल गोहीका अण्डा संकलनबाट समेत गरेर जम्मा १९ गुँडमा रहेका ६३४ अण्डाबाट २५६ वटा घडियालका बच्चा कोरलिएका छन् *(अनुसूची- ९)*।

घडियाल प्रजनन केन्द्रमा रहेका माऊ घडियालले आफ्नो गुँडको अलावा राप्तीवाट संकलन गरिएका अण्डाहरुको पनि सुरक्षा दिई बच्चा कोरलेका थिए भने नारायणी नदिवाट संकलन गरिएका घडियालका गुँडहरु अमलटारी स्थित घडियाल अनुगमन केन्द्रको हाता भित्र वालुवाको ढिस्कोमा राखी बच्चा कोरलिएका थिए। बच्चा कोरल्ने कार्य बिगत वर्षहरु जस्तै प्राकृतिक रुपमै गरिएको थियो।

घडियाल प्रजनन केन्द्रमा यस बर्ष १० वटा गुँडवाट १४१, राप्ति नदिमा फेला पारेका ३ वटा गुँडबाट ६३ वटा र नारायणी नदिमा फेला पारिएका ६ वटा गुँड मध्ये ३ वटा गुँडवाट ५२ वटा वच्चा कोरलिएका छन भने वाँकी ३ गुँडका सबै अण्डा खोलिएका (Infertile) थिए। अण्डा संकलनको समयमा नै ती गुँडका अण्डाहरुमा भाले लागेको कुनै पनि चिन्ह (Mating Sign) फेला परेको थिएन। यसरी नारायणी नदिमा गुँड खोलिएका पाइनुमा भाले गोहीको कमी मुख्य कारण रहेको छ। हाल नारायणी नदिमा एउटा मात्र भाले घडियाल रहेको हुँदा भाले लाग्ने समयमा राप्ति नदिका पोथी घडियाल पनि भाले लाग्न नारायणी नदिमा नै गएको कुरा घडियाल अनुगमनबाट पत्ता लागेको छ।



घडियाल गोहीको अण्डा

यस बर्ष (बैशाख, जेष्ठ र आषाढ महिनामा) अत्याधिक पानी पर्नाले गुँडमा आद्रता (Humidity) बढी भई घडियालको गुँडमा तापक्रमको कमी हुन गएकोले गुँडको संख्या ज्यादा भए पनि बच्चा गुँडमै मरेको अवस्थामा फेला परेका थिए। घडियाल प्रजनन केन्द्रका २ वटा गुँडका पुरै अण्डा बिग्रेको र बाँकी नारायणी लगायत अन्य गुँडहरुबाट पनि सन्तोषजनक रुपमा बच्चा निस्कन सकेको थिएन। लगतार बर्षाको कारणले गर्दा लामो खडेरी पछि परेको पानीले जमीन बाफिएर साल जङ्गलमा निस्कने पटके च्याउ समेत यस वर्ष नउम्रेको हुँदा मौसमकै कारणले घडियालका धेरै अण्डाहरु बिग्रेको देखिन्छ।

हाल यस केन्द्रमा जम्मा ७८३ वटा विभिन्न उमेरका घडियाल गोहीहरु रहेका छन्। जसमा १२ अण्डा पार्ने उमेरका पोथी र ३ भाले घडियाल समेत रहेका छन्।

## कछुवा संरक्षण

संसारभरमा पाइने २५० प्रजातिका कछुवाहरु मध्ये नेपालमा १२ प्रजातिहरु रेकर्ड गरिएका छन् भने चितवन राष्ट्रिय निकुञ्जमा मात्र ९ प्रजातिका कछुवा पाइन्छन्। बासस्थानको आधारमा कछुवाहरु जमीनमा बस्ने (Terrestrial) र सिमसार (Wetland) मा बस्ने गरी दुई किसिमका हुन्छन। सामान्यतया प्राकृतिक अवस्थामा जमीनमा पाइने कछुवाहरु शाकाहारी र सिमसारमा पाइने मांसाहारी तथा सर्वहारी दुवै प्रकृतिका हुन्छन।



गरिबी र अज्ञानताको कारणले हुने चोरी शिकार साथै बासस्थान विनाशले गर्दा कछुवाहरुको संख्या कम हुँदै गएको सन्दर्भमा यसको संरक्षण प्रजनन गर्नु पर्ने आवश्यकता महशुस गरी चितवन राष्ट्रिय निकुञ्जको कसरामा अवस्थित घडियाल संरक्षण प्रजनन केन्द्रको हाता भित्र कछुवा संरक्षण केन्द्र स्थापना गरिएको हो। एउटा बासस्थान (Enclosure) मा जमिनमा बस्ने र अर्कोमा सिमसारमा बस्ने प्रजाति राखिएका छन्। बासस्थान भित्रै सक्दो प्राकृतिक वातावरण सिर्जना गरेर कछुवा प्रजातिलाई हुर्काउने,

बढाउने एवं तिनीहरुबाट प्रजनन (Breeding) समेत गराउने र ठुलो भई सकेपछि पुनः प्राकृतिक बासस्थानमा छोड्ने उद्देश्य राखी सञ्चालन गरिएको कछुवा संरक्षण केन्द्रमा हाल ७ प्रजातिका ४७ वटा कछुवाहरु छन् । साइटिस अनुसूची १ मा सूचीकृत Tricarinate Hill Turtle पनि यस केन्द्रमा रहेको छ ।

आ.ब. ०६७/६८ को श्रावण महिनामा जमीनमा बस्ने Elongated Tortoise बाट ९ वटा बच्चा पैदा भएको छ । उक्त बच्चाहरुलाई दैनिक पाकेको फर्सी, घण्टी फूल (China Rose Flower) र हप्ताको एक चोटी राँगाको मासु खुवाइन्छ । यहाँ पालिएका Terrestrial कछुवालाई मुख्यतया पाकेको फर्सी, गाँजर लगायत मौसम अनुसारको जङ्गली फलफूल तथा हप्ताको एक चोटी राँगाको मासु समेत खान दिईन्छ भने Wetland Species लाई राँगाको मासुको साथै माछा पनि खान दिने गरिएको छ ।

### गिद्द संरक्षण

भारतीय उपमहाद्विपमा पाईने नौ प्रजातिका गिद्दहरु मध्ये नेपालमा आठ प्रजातिका गिद्दहरु पाइन्छन् । लामो ठूँडे गिद्द (Long-billed Vulture- *Gyps indicus*) भारत र पाकिस्तानमा मात्रै पाईन्छ । सन् १९९० मा नेपालमा करीब पाँच लाख र भारतमा करीव १६ करोडको हाराहारीमा गिद्दहरु पाईने अनुमान गरिएको थियो तर आज त्यही गिद्द पूर्ण रुपमा यस संसारबाट लोप हुने खतरामा पुगेको छ । सन् १९९२ देखि नै गिद्दको संख्यामा कमी आउन थाल्यो र सन २००० सम्म आईपुग्दा नेपाल, भारत र पाकिस्तानबाट डंगर गिद्द, सानो खैरे गिद्द र लामो ठुडे गिद्दको संख्यामा ९५% ले गिरावट आई लोपोन्मुख अवस्थामा पुगेको तथ्य विभिन्न अध्ययनले देखाएकोले सन् २००० मा बिश्व संरक्षण संघ (IUCN) ले यी तीन प्रजातिका गिद्दहरुलाई अति संकटापन्न पंक्षीको सूचीमा  राखेको छ । त्यसैगरी सुन गिद्द र सेतो गिद्दको संख्यामा क्रमशः ९१ % र ८० % ले कमी आएको हुँदा सन् २००७ मा यी दुई प्रजातिका गिद्दलाई पनि संघले क्रमशः अति संकटापन्न र संकटापन्न सूचीमा समावेश गरेको छ । यसरी नेपालमा पाईने ८ मध्ये ४ प्रजातिका गिद्दहरु जोखिममा परेको प्रष्ट हुन्छ भने बाँकी ४ प्रजातिका गिद्दहरुको संख्यामा समेत ह्रास आएको छ ।

खासगरी गिद्दहरुले गुँड बनाई बच्चा हुर्काउनका लागि आवश्यक ठूला रुखहरुको विनाश तथा उन्नत जातका पशुचौपाया पाल्ने प्रचलनले गर्दा आहाराको कमीले गिद्दको संख्यामा क्रमिक ह्रास आइरहेको सन्दर्भमा एक्कासी सन् १९९७ देखि धेरै गिद्दहरु बिमारी परी मर्न थाले । के कारणले गिद्धहरु मर्न  थाले ? भन्ने विषय धेरै बर्षसम्म अनुत्तरित नै रहयो । सन् २००३ मा वैज्ञानिकहरुले यसरी गिद्द मर्नुको कारण पशुचौपायाहरुको उपचारमा प्रयोग गरिने डाईक्लोफेनेक (Diclofenac) नामको औषधी हो भन्ने कुरा पत्ता लगाए । डाईक्लोफेनेकले खास गरी समथर भू-भागमा बस्ने Gyps प्रजातिका गिद्दहरु बढी प्रभावित भएको अध्ययनले देखाएको छ जसमा नेपालको तराई क्षेत्रमा पाइने डंगर गिद्द र सानो खैरे गिद्द पर्दछन् ।  पशुचौपायाहरु सामान्य बिरामी पर्दा डाईक्लोफेनेक औषधी प्रयोग गरिने गरेको पाइएको  छ । डाईक्लोफेनेक प्रयोग गरेको पशुचौपायाको सिनो गिद्दले खाँदा यसले विषको रुपमा प्रवेश गरी गिद्दको मिर्गौला असफल भई गिद्द मर्ने गरेको तथ्यले गाईबस्तुको एउटै सिनोबाट कयौं गिद्दहरु मर्ने गरेको पाइयो ।

नेपालमा गिद्द प्रजातिको विनास रोक्नका लागि चितवन राष्ट्रिय निकुञ्जको कसरामा गिद्द संरक्षण प्रजनन केन्द्रको स्थापना भयो । यस केन्द्रमा हाल ६० वटा डंगर गिद्दहरु रहेका छन । उक्त गिद्दहरु देशको बिभिन्न भागबाट सन् २००८ देखि हालसम्ममा



गुँडबाट बच्चाहरु संकलन गरी यस केन्द्रमा ल्याइएको हो । यस केन्द्रमा गिद्दहरुलाई डाईक्लोफेनेक रहित मासु दिई पालन पोषण गरिदै आईएको छ । यीनै गिद्दबाट प्रजनन गराई डाईक्लोफेनेकबाट सुरक्षित वातावरण बने पछि पुनः तिनीहरुको प्राकृतिक बासस्थानमा छोड्ने लक्ष्यका साथ स्थापित यस्ता केन्द्रहरु भारतमा ३, पकिस्तानमा १ र नेपालमा १ गरी ५ वटा संचालनमा रहेका छन् ।

## हात्ती प्रजनन तथा व्यवस्थापन

नेपालमा हात्ती प्रजनन केन्द्रको शुरुवात ६ वटा भाले र १४ वटा पोथी गरी जम्मा २० वटा हात्ती ल्याई बि.सं. २०४४ मा गरिएको हो । ती २० वटा हात्ती मध्ये १६ वटा भारतबाट ल्याइएको थियो भने २ वटा थाइल्याण्ड र २ वटा म्यानमारबाट उपहार स्वरुप प्राप्त भएका थिए । हालसम्म केन्द्रमा ३३ वटा हात्तीका छावा जन्मिई सकेका छन् । हात्तीका छावालाई २ देखि ४ बर्षको उमेरमा तालिम दिइन्छ । यो तालिम पूरा हुनलाई २० दिन देखि एक महिना लाग्छ ।

एउटा बयश्क हात्तीलाई दैनिक १५० के.जी. हरियो घाँस र ८० देखि १०० लिटर पानी आवश्यक पर्दछ । हात्तीले घाँस, लहरा, बाँस, केरा तथा रुखका बोक्रा एवं हाँगाबिंगा खाने गर्दछ । हात्तीले मन पराउने डालेघाँसहरुमा पिपल, बर, काब्रो, बडहर, डुम्री, कटहर, सिमल, खयर, बबुल, समी, सिंदुरे हुन भने भुँई घाँसहरुमा काँस, नरकट, ढड्डी आदि हुन् ।



जन्मिएको केही घण्टा पछि हात्तीको छावा माउसँग

हात्ती प्रजनन् केन्द्र, खोरसोरमा रहेको ऐश्वर्यमाला हात्तीले मिति २०६८/१/२५ गते सकुशल एउटा पोथी बच्चा जन्माएको छ । उक्त वच्चा स्वस्थ रहेको र हात्ती प्रजनन् केन्द्रका कर्मचारीहरुबाट सो बच्चा र माउको स्याहार भई रहेको छ । हाल चितवन राष्ट्रिय निकुञ्जमा ५७ वटा घरपालुवा हात्तीहरु रहेका छन् *(अनुसूची- १०)* ।

## वन्यजन्तु उद्दार तथा असहाय वन्यजन्तु व्यवस्थापन

कारणबश माउबाट छुटेका असहाय वा असक्त भएका वन्यजन्तुहरुलाई प्राकृतिक बासस्थानमा नै छाडिदिंदा बाँच्न असम्भव छ भने त्यस्तो अवस्थाका वन्यजन्तुहरुलाई उद्दार गरी उपुयक्त स्थानमा राखी नियमित हेरचाह गर्ने गरिएको छ । बेलाबखत समस्यामुलक वन्यजन्तुहरुलाई समेत नियन्त्रणमा लिई पाल्नु पर्ने हुन आउँछ । बिगत बर्षहरु देखि नै केही यस्ता वन्यजन्तुहरुको व्यवस्थापन गरिदै आइएको छ भने यस आ.ब.मा पनि केही वन्यजन्तुको उद्दार तथा नियमित हेरचाह गरिएको छ ।

सौराहास्थित होटल रोयल पार्कको कम्पाउण्डमा मिति २०६७।६।७ मा आई बसेको घाइते बाघलाई उद्दार गरी कसरामा रहेको



कसरामा रहेको बाघ

खोरमा राखी औषधी उपचार गरिएको थियो । चार महिनापछि उक्त बाघलाई प्राकृतिक बासस्थानमा छाड्नका लागि मिति २०६७।१०।६ गते बर्दिया राष्ट्रिय निकुञ्जलाई हस्तान्तरण गरिएको थियो ।

नवलपरासीको नन्दभाउजु मध्यवर्ती उपभोक्ता समिति अन्तर्गतको क्षेत्रमा मिति २०६७/११/२९ देखि नै एउटा घाईते बाघ आएर सातवटा घरपालुवा जनावर मारेकोले उक्त क्षेत्रका बासिन्दाहरु आतंकित भएका थिए । सो बाघलाई मिति २०६७/१२/१ गते डार्ट गरेर नियन्त्रणमा लिई कसरामा ल्याएर औषधी उपचार गरिएको छ । उक्त बाघको पछाडिका दुबै खुट्टा कमजोर भएको र ढाडमा सानो प्वाल समेत रहको थियो । सो बाघलाई दैनिक ५ के.जी. राँगाको मासु दिईएको छ । हाल उक्त बाघको बाहिरबाट देखिएको घाउ निको भएको छ तर खुट्टा भने अझै पनि कमजोर नै छ ।



नवलपरासीबाट घाइते बाघको उद्दार गरिदै

यस निकुञ्जको गाँजापुर पोष्ट नजिक पर्ने ज्ञानेश्वर सामुदायिक वनमा मिति २०६७।५।२ मा करेण्ट लागेर मरेको गैंडाको बच्चा २०६७।५।१७ मा सो वनमा फेला पारी जिल्ला वन कार्यालय,



कसरामा नारायणीको उपचार गरिँदै

चितवनले जैविक विविधता संरक्षण केन्द्र, सौराहा मार्फत यस निकुञ्ज कार्यालयलाई बुझाएको थियो। स्वस्थ अवस्थामा रहेको करीब २ महिनाको उक्त भाले बच्चालाई कसरामा राखिएको छ।



कसरामा नारायणी र ज्ञानेश्वर

गत आ.ब.मा नारायणी नदिले बगाई ल्याएको अवस्थामा उद्दार गरिएको गैंडाको बच्चा समेत हाल कसरामा दुईवटा गैंडाको बच्चा नारायणी र ज्ञानेश्वरको नियमित पालन पोषण गरिंदै आइएको छ।



उद्दार गरिएको संरक्षित वन्यजन्तु-सून गोहोरो

मिति २०६८।३।२२ गते सौराहाबाट उद्दार गरी निकुञ्जको सेक्टर कार्यालय, सौराहामा बुझाउन ल्याइएको पोथी सुन गोहोरोलाई थप उपचारका लागि सदर चिडियाखाना, जावलाखेल पठाइएको छ।

त्यसैगरी सौराहाबाट नै २०६८।३।२० मा उद्दार गरिएको सानो निरविरालो (Small Indian Civet) लाई सामान्य उपचारपछि निकुञ्जमा छोडिएको छ।



उपचार पछि निकुञ्जमा छाडिदैं

यस आ.ब. मा मध्यवर्ती क्षेत्रको विभिन्न स्थानबाट उद्दार गरिएका एक सयभन्दा बढी अजिंगरलाई वन क्षेत्रमा सुरक्षित साथ छाडिएको छ। यस निकुञ्जको मध्यवर्ती क्षेत्र अन्तर्गतको मेघौली



उद्दार गरिएको संरक्षित वन्यजन्तु-अजिङ्गर

गा.बि.स.बाट मात्रै २०६७ श्रावणदेखि माघसम्म साना ठूला गरी ३० वटा अजिंगर भिम्ले प्रवेशद्वारमा बुझाउन ल्याइएको थियो। ती सबै अजिंगरहरुलाई पोष्टका कर्मचारीहरुले सुरक्षितसाथ नजिकैको सामुदायिक वनमा छाडेका थिए।

### वन्यजन्तुको मृत्यु

आ.ब. ०६७/६८ मा यस निकुञ्जमा १४ वटा प्राकृतिक कारणले मरेको र २ वटा चोरी शिकारीले मारेको गरी जम्मा १६ वटा



मृत गैंडा

गैंडाको मृत्यु भएको छ *(अनुसूची–११)* । शिकारीले मारेका दुइवटा मध्ये एउटा मंसिरमा पूर्वी सेक्टरको भवानीपुर क्षेत्रमा र अर्को एउटा पुषमा माडी सेक्टरको धोवा पोष्टदेखि पूर्व रतेनी घाट नजिक मारिएको पाइयो । प्राकृतिक कारणले मरेका मध्ये ४ वटा भालेले हानेर, ३ वटा भासीमा परेर, एउटा घाईते नदिमा बगेर र ६ वटा बुढो भएर कालगतिले मरेको पाइयो ।

आ.ब. ०५५/५६ देखि ०६७/६८ सम्मको अबधिमा चितवन राष्ट्रिय निकुञ्जमा १७१ प्राकृतिक कारणले र १६९ चोरी शिकारीको कारणले गरी जम्मा ३४० गैंडा मरेको तथ्याङ्क रहेको छ । तसर्थ यस निकुञ्जमा औषतमा प्रति बर्ष २६ वटा गैंडा मरेको पाइयो




भने चोरी शिकारीको कारणबाट मात्र औषतमा बार्षिक १३ वटा गैंडा पाइयो । केन्द्रदेखि फिल्डस्तरसम्म सम्बन्धित सबैको सक्रियताका कारण यस आ.ब.मा चोरी शिकारीबाट २ वटा मात्रै गैंडा मरेका छन् ।

चितवन राष्ट्रिय निकुञ्जमा २०६६ आश्विनदेखि कसरास्थित नवनिर्मित थुनुवा घरको कोठामा थुनेर राखिएको करीब साँढे ३ बर्षको बाघ मिति २०६७।३।२९ बाट बिरामी भएकाले औषधी उपचार गरिरहेकोमा २०६७ श्रावण १ गते बिहान ११:४५ बजे मृत्यु भएको छ ।



मृत बाघ

कसरामा केही वर्षदेखि एउटा टुहुरो भाले चितुवा पालन पोषण गरिंदै आइएकोमा मिति २०६७।०९।०१ मा उक्त चितुवाको मृत्यु भएको छ । पोष्टमार्टम गरी हेर्दा पेटमा गोला एवं फित्ते जुका फेला परेको थियो र सोही कारणले उक्त चितुवाको मृत्यु भएको थियो । निर्मलठोरी उपभोक्ता समिति अन्तर्गत ओढार सामुदायिक वनमा करिब ३ वर्षको चितुवाको लास फेला परेको थियो ।



मृत चितुवा

मिति २०६८।१।१७ मा राप्ति नदिमा बगेर आईरहेको एउटा अर्धवयश्क घडियाल गोही कसरा नजिक मृत अवस्थामा भेटिएको थियो । उक्त गोहीको शव परिक्षण गरी हेर्दा टाउकोमा गहिरो चोट देखिएको थियो । उक्त गोही तियारी जालमा अड्किई माछा मार्ने मानिसले आफ्नो जाल छुटाउने क्रममा खुर्पाले हानी मारेको अनुमान गरिएको छ । लम्बाई २.१० से.मि. र थुतुनोदेखि नाईटोसम्मको भाग १.२० से.मि. रहेको मृत घडियाल गोहीको उमेर करिव १० वर्ष भएको अनुमान गरिएको थियो ।

यस निकुञ्ज अर्न्तगत पदमपुरको मर्चौलीमा एउटा करीब १५-१६ वर्षको भाले जङ्गली हात्ती मिति २०६७।७।१३ मा मृत अवस्थामा फेला परेको थियो । उक्त हात्तीको टाउको भित्रको हाडहरु फुटेको, मासु पेलिएको साथै करङ भाँचिएको देखिएकोले ठूलो जङ्गली हात्तीले हानी मारेको हुन सक्ने अनुमान गरिएको छ । उक्त हात्तीको दाह्रा थान २ यस कार्यालयमा सुरक्षित रहेको छ । नवलपरासी जिल्लाको कावासोती ईलाका वन कार्यालय नजिक राजमार्गमा मिति २०६७।७।१४ मा गाडीले किचिएर एउटा भाले हुँडार मृत अवस्थामा फेला परेको थियो ।

## मुद्दासम्बन्धी विवरण

आ.ब. ०६७/०६८ मा यस निकुञ्ज कार्यालयमा ७२ वटा मुद्दा थिए जसमध्ये ४१ वटा गैंडा मारी खाग बिक्री व्यवसाय, २५ वटा काठ चोरी निकासी, ३ वटा अन्य वन्यजन्तुको चोरीशिकार, २ वटा वन अतिक्रमण र एउटा बाघको हाड छाला बिक्री व्यवसाय सम्बन्धी रहेका छन् । यस आ.ब.मा १२ वटा गैंडा

मारी खाग बिक्री व्यवसाय, एउटा बाघको आखेटोपहार बिक्री व्यवसाय, एउटा अन्य वन्यजन्तुको चोरीशिकार  र एउटा काठ चोरी निकासी सम्बन्धी गरी १५ वटा मुद्दा फैसला गरिएको हुँदा ५७ वटा मुद्दा फैसला हुन बाँकी छन् ।

गैंडा मारी खाग चोरी निकासी मुद्दामा पुर्पक्षको लागि थुनामा रहेका ४४ जना, करेण्ट लगाई गैंडा मारेको मुद्दामा धरौटी राखी तारेखमा रहेको ५ जना, काठको चोरी निकासी मुद्दामा धरौटी राखी तारेखमा रहेको ५१ जना, काठको चोरी निकासी मुद्दामा थुनामा रहेको ५ जना, भालुको छाला पित्त बिक्री व्यवसाय मुद्दामा धरौटी राखी तारेखमा रहेको २ जना, चितुवाको हाड छाला बिक्री व्यवसाय मुद्दामा धरौटी राखी तारेखमा रहेको २ जना रहेका छन् भने बिगोको जम्मा परिमाण रु. ५९,७६,२५०।- रहेको छ ।

## पर्यटक विवरण

चितवन राष्ट्रिय निकुञ्ज नेपालको तेस्रो पर्यटक गन्तव्यको रुपमा स्थापित भएको छ। चितवन राष्ट्रिय निकुञ्जको स्थापनाकालदेखि आ.ब. ०६७/६८ सम्ममा १९,७५,९२२ जना पर्यटकहरुले यस निकुञ्जको भ्रमण गरेको तथ्याङ्क रहेको छ *(अनुसूची-१२)*। यस




निकुञ्जको भ्रमण गर्ने पर्यटकहरुको संख्यामा क्रमिक वृद्धि भई पछिल्ला बर्षहरुमा बार्षिक एक लाख भन्दा बढी पर्यटकहरुले निकुञ्जको अवलोकन गरेको पाइएको छ। आ.ब. ०६७/६८ मा ९०,७२२ विदेशी, १६,००५ सार्क मुलुकका र ३९,९३५ नेपाली गरी १,४६,६६२ जना पर्यटकहरुले यस निकुञ्जको भ्रमण गरेका छन् *(अनुसूची- १३ )*।

पर्यटकहरुलाई नेपाली, सार्क मुलुकका र बिदेशी गरी तीन समुहमा वर्गिकरण गरी क्रमशः रु. २०, रु. २०० र रु. ५०० प्रति व्यक्ति प्रति दिन निकुञ्ज प्रवेश शुल्क लिने गरिएको छ । आ. ब. ०६७/६८ मा यस निकुञ्जमा आएका पर्यटकहरु मध्ये ६२ प्रतिशत विदेशी, ११ प्रतिशत सार्क मुलुकका र २७ प्रतिशत नेपालीहरु रहेका छन् ।




सुनाचुरी, खगेन्द्रमल्ली, सौराहा, घटगाई, कसरा, वनकट्टा, भिम्ले, कुजौली, लौखानी र अमलटारी गरी १० स्थानहरुबाट पर्यटकहरु निकुञ्ज प्रवेश गर्ने गरेका छन् । आ.ब. ०६७/६८ मा सबैभन्दा




बढी १,११,११८ पर्यटकहरु (७६ प्रतिशत) सौराहाबाट निकुञ्ज प्रवेश गरेका थिए भने सबैभन्दा कम ४२ जना पर्यटकहरु कुजौलीबाट प्रवेश गरेका थिए ।




आ. ब. ०६७/६८ मा आएका पर्यटकहरु मध्ये सबैभन्दा बढी (२१,१२१ जना) कार्त्तिक महिनामा र सबैभन्दा कम (५,२२८ जना) भाद्र महिनामा निकुञ्ज क्षेत्रमा प्रवेश गरेका छन् ।

आ. ब. ०६७/६८ मा यस निकुञ्जमा आएका पर्यटकहरु मध्ये ८०,८६४ (५५ प्रतिशत) पुरुष र ६५,७९८ (४५ प्रतिशत) महिला रहेका छन् ।

## राजश्व विवरण

चितवन राष्ट्रिय निकुञ्जको स्थापनाकालदेखि आ. ब. ०६७/६८ सम्ममा निकुञ्जको कुल राजश्व आम्दानी रु. १,०१,५६,०३,८९८।- भएको तथ्याङ्क रहेको छ *(अनुसूची-१२)*। स्थापना कालमा बार्षिक रु. १७२९ रहेको यस निकुञ्जको राजश्व आ. ब. ०६७/६८ मा




आइपुग्दा बार्षिक रु. ८ करोड नाघिसकेको छ। यस निकुञ्जको पछिल्लो सात बर्षको राजश्व निम्नानुसार रहेको छ।

निकुञ्जको राजश्व आम्दानीको मुख्य स्रोत पर्यटक प्रवेश शुल्क रहेको छ। आ.ब. ०६७/६८ को निकुञ्जको कुल राजश्व रु. ८,३१,४५,९३६।३० मध्ये रु. ४,९१,६५,०६० (५९ प्रतिशत) पर्यटक प्रवेश शुल्कबाट प्राप्त भएको छ *(अनुसूची-१४)*।




## बेरुजु फछ्र्यौट

यस निकुञ्ज कार्यालय अन्तर्गत आ.व. २०६७/०६८ सम्म नियमित गर्नुपर्ने रू.३,३९,९०,१४२।२५ र असुल गर्नुपर्ने रू.६७,०१,२३६।०३ गरी जम्मा रू.४,०६,९१,३७८।२८ बेरुजु रहेकोमा यस आ.ब.मा प्रमाण पेश गरेर रू.२,८४,६२,६५०।८० र असुल गरेर रू.१०,३१,४३२।०० गरी जम्मा रू.२,९४,९४,०८२।८० बेरुजु फछ्र्यौट भएको छ।

## विशिष्ट महानुभावहरुको निकुञ्ज भ्रमण

मिति २०६७०६।१९ मा माननीय वन तथा भू-संरक्षण मन्त्री दिपक बोहोरा र भारतीय वन तथा वातावरण मन्त्री जयराम रमेश सम्मिलित उच्चस्तरीय टोलीले निकुञ्जको भ्रमण गरेको थियो। उक्त टोलीमा नेपालका लागि भारतीय राजदुत राकेश सुद, वन सचिव युवराज भुसाल, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु


चितवन राष्ट्रिय निकुञ्जमा भारतीय वन तथा वातावरण मन्त्री

संरक्षण विभागका महानिर्देशक गोपाल प्रसाद उपाध्याय लगायतको उपस्थिति थियो। उक्त टोलीका सदस्यहरुले कसरा स्थित घडियाल संरक्षण प्रजनन केन्द्र, गिद्ध संरक्षण प्रजनन केन्द्रको साथै घाईते अवस्थामा उद्दार गरी उपचारको क्रममा राखिएको भाले बाघको समेत अवलोकन गर्नु भएको थियो। उक्त टोलीलाई प्रमुख संरक्षण अधिकृत डा. नरेन्द्रमान बाबु प्रधानले निकुञ्जको संरक्षण गतिविधी बारेमा जानकारी गराउनु भएको थियो।

संविधान सभा, व्यवस्थापिका संसद, राज्य व्यवस्था समितिका सभापति माननीय रामनाथ ढकाल तथा समितिका सदस्य सभासदहरु सहित ३३ जनाको टोलीले २०६८ बैशाख २ र ३


गैंडाको बच्चासँग फोटो खिचाउदै सभासद्हरु

गते चितवन राष्ट्रिय निकुञ्जको भ्रमण गरेको थियो । भ्रमणको क्रममा टोलीले निकुञ्जका वन्यजन्तुहरुको अवलोकनका साथै निकुञ्जको संरक्षण र चोरी शिकार नियन्त्रणका लागि चितवन राष्ट्रिय निकुञ्ज तथा नन्दाबक्स गणबाट भएका गतिविधीहरु बारे जानकारी लिएको थियो ।

मिति २०६८।०१।१५ मा माननीय वन तथा भू-संरक्षण मन्त्री



चितवन राष्ट्रिय निकुञ्जको अवलोकन भ्रमणका क्रममा वन तथा भू-संरक्षण मन्त्री भानुभक्त जोशी

भानुभक्त जोशीले यस निकुञ्जको भ्रमण गरी वन्यजन्तुको अवलोकनका साथै निकुञ्जको बस्तुस्थिति एवं संरक्षणका चुनौतिहरुका बारेमा जानकारी लिनुभयो । सो अवसरमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक कृष्ण प्रसाद आचार्य तथा मध्यमाञ्चल क्षेत्रीय वन निर्देशनालयका निर्देशक राजदेव यादव लगायतको उपस्थिति थियो ।



निकुञ्जको भ्रमण गर्दै लोकसेवा आयोगका माननीय सदस्य कृष्णप्रसाद पोखेल

यसै आ.ब.मा माननीय वन तथा भू-संरक्षण राज्यमन्त्री भगवती चौधरीले यस निकुञ्जको भ्रमण गरी वन्यजन्तुको अवलोकनका साथै निकुञ्ज संरक्षणको अवस्थाका बारेमा जानकारी लिनुभयो । त्यसैगरी लोकसेवा आयोगका माननीय सदस्य श्री कृष्णप्रसाद पोखेलले पनि यस निकुञ्जको अवलोकन भ्रमण गर्नुभएको थियो ।

## हार्दिक बधाई



संरक्षणमा उल्लेख्य योगदान पुऱ्याई अब्राहम संरक्षण पुरस्कार, २०१० बाट सम्मानित हुनभएका यस निकुञ्ज कार्यालयका रेञ्जर श्री रुपक महर्जनलाई हार्दिक बधाई छ ।

## मध्यवर्ती क्षेत्र व्यवस्थापन

संरक्षणमा स्थानीय समुदायलाई साझेदार बनाई प्राप्त लाभको न्यायोचित बाँडफाँड गर्ने नीति अनुरुप बि.सं. २०५० को दशकमा मध्यवर्ती क्षेत्रको अवधारणा अगाडि सारिएको हो । चितवन राष्ट्रिय निकुञ्ज वरपरको ७५० वर्ग किलोमिटर क्षेत्रलाई बि.सं. २०५३।०८।१७ मा मध्यवर्ती क्षेत्र घोषणा गरिएको छ *(अनुसूची-१५)* । सो क्षेत्रमा सम्बन्धित उपभोक्ता समितिहरु मार्फत संरक्षण र विकास कार्यहरु संचालनमा रहेका छन् ।




चितवन, मकवानपुर, पर्सा र नवलपरासी जिल्लाका ३४ वटा गा.वि.स.हरु तथा २ वटा नगरपालिकाहरुमा फैलिएको मध्यवर्ती क्षेत्रलाई २१ वटा इकाईहरुमा विभाजन गरी मध्यवर्ती क्षेत्र उपभोक्ता समितिहरु गठन गरिएका छन भने एउटा उप-समिति समेत रहको छ *(अनुसूची-१६)*। मध्यवर्ती क्षेत्रमा हाल बसोबास गरिरहेका करीब ३ लाख उपभोक्ताहरुलाई १,७७७ वटा समुहहरुमा आवद्ध गरिएको छ ।

मध्यवर्ती क्षेत्र उपभोक्ता समितिहरुको प्रतिनिधिमुलक संस्थाको रुपमा मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति रहेको छ । पहिलो मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको गठन मिति २०५४।११।२५ मा श्री केशव देवकोटाको अध्यक्षतामा भएको थियो । उक्त समितिको पाँच बर्षको अवधि पूरा भएपछि मिति २०५९।१२।१४ मा श्री कृष्ण प्रसाद भुर्तेलको अध्यक्षतामा गठन भएको समितिको पदाबधि समाप्त भएको करीब एक बर्षपछि मिति २०६५।११।१८ मा श्री यम बहादुर परियारको अध्यक्षतामा मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको वर्तमान समिति गठन भएको छ। मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिमा निकुञ्जका प्रमुख संरक्षण अधिकृत सदस्य सचिव र सम्बन्धित जिल्ला विकास समितिहरुका प्रतिनिधीहरु सदस्य रहने प्रावधान रहेको छ ।

## बजेट विनियोजन तथा निकासा

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा व्यवस्था भए बमोजिम मध्यवर्ती क्षेत्रको संरक्षण र विकासका लागि राष्ट्रिय निकुञ्जले गरेको राजश्व आम्दानीको ३०% देखि ५०% सम्म रकम सम्बन्धित मध्यवर्ती क्षेत्र उपभोक्ता समितिहरुलाई अनुदान दिइने रकम मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६ ले गरेको व्यवस्था बमोजिम निम्नानुसार विनियोजन गरी खर्च गरिनुपर्ने प्रावधान रहेको छ ।




चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र घोषणा पश्चात आ.ब. ०५३/५४ देखि ०६७/६८ सम्म मध्यवर्ती क्षेत्रको संरक्षण र विकासका लागि प्राप्त हुनपर्ने बजेट रु. ३३ करोड ९० लाख ३३ हजार मध्ये रु. २६ करोड ५६ लाख ५ हजार प्राप्त भई स्वीकृत कार्यक्रम बमोजिमका विभिन्न क्रियाकलापहरु संचालन भएका छन् भने रु. ७ करोड ३४ लाख २७ हजार प्राप्त हुन बाँकी रहेको छ *(अनुसूची–१७)*। निकुञ्जबाट प्राप्त राजश्वका अलावा मध्यवर्ती क्षेत्रबाट समेत वार्षिक रुपमा केही मात्रमा राजश्व हुने गरेको छ, सो सम्बन्धी विवरण *अनुसूची-१८* मा दिइएको छ ।

## वार्षिक प्रगति विवरण

आ. ब. ०६७/६८ को मध्यवर्ती क्षेत्र कार्यक्रम संचालनका लागि रातो किताब मार्फत विनियोजित बजेट रु. १,६१,६६,०००।- मध्ये रु. १,६१,१६,६३०।- खर्च गरी स्वीकृत कार्यक्रम बमोजिमका कार्यहरु सम्पन्न भएका छन् *(अनुसूची–१९)* । यसरी मध्यवर्ती क्षेत्रमा सम्पन्न संरक्षण र सामुदायिक विकास कार्यहरुका लागि रु. १७,९४,६५३।- बराबरको जनसहभागिता समेत जुटेको छ ।

## संरक्षण कार्यक्रम

आ. ब. ०६७/६८ मा मध्यवर्ती क्षेत्रमा रु. ३२,०७,५२३।- मध्यवर्ती अनुदान, रु.३,९६,०४४।- बराबरको जनसहभागिता गरी



बुढीराप्ती उपभोक्ता समतिको क्षेत्रमा निर्माण गरिएको गोबरग्याँस प्लान्ट

रु. ३६,४३,५६७- को लागतमा संरक्षण सम्बन्धी विभिन्न कार्यहरु सम्पन्न भएका छन् । यसरी सम्पन्न कार्यहरुमा विद्युतीय तारबार निर्माण १ कि.मि., विद्युतीय तारबार मर्मत ८.६ कि.मि., गोबर ग्याँस प्लान्ट अनुदान ४६० वटा, काँडेतार १.७ कि.मि.,



विद्युतीय तारबार

क्याम्पस पर्खाल निर्माण एउटा, शौचालय निर्माण अनुदान २० वटा, वन हेरालु ११ जना, विद्यालय भवन निर्माण सहयोग २ वटा, खानेपानी मुहान संरक्षण २ वटा, पोखरी निर्माण एउटा, सुधारिएको चुल्हो १९७ वटा, तटबन्ध निर्माण १४७६ घन मिटर, घाँसे मैदान व्यवस्थापन २ हेक्टर, सामदायिक वन व्यवस्थापन एउटा तथा वृक्षारोपण ३ हेक्टर रहेका छन् ।

## सामुदायिक विकास कार्यक्रम

मध्यवर्ती क्षेत्रका सबै उपभोक्ता समितिहरुमा यस आ.ब.मा सामुदायिक विकास कार्यक्रम अन्तर्गत रु. २७,५२,९८०।- मध्यवर्ती अनुदान र



अमलटारी उपभोक्ता समतिको क्षेत्रमा गरिएको गाभ्रेल

रु. १३,९८,६०९।- जनसहभागिता गरी जम्मा. ४१,५१,५८९।- बराबरको विभिन्न विकास निर्माण कार्यहरु सम्पन्न भएको छ ।



लामीचौर उपभोक्ता समितिको क्षेत्रमा निर्मित कल्भर्ट




सिसवार उपभोक्ता समितिको क्षेत्रमा निर्मित पानी ट्याङ्की

यसरी सम्पन्न कार्यहरुमा बाटो ग्राभल ८.२५ कि.मि., ८ वटा खानेपानी व्यवस्थापन, तटबन्ध निर्माण ३२९ घन मिटर, सामुदायिक भवन निर्माण तथा मर्मत १० वटा, कल्भर्ट निर्माण १५ वटा, विद्यालय भवन निर्माण ३ वटा, विद्यालय फर्निचर ७३ थान, विद्युतीय तारबार निर्माण ०.५ कि. मि., कुलो मर्मत १० वटा, इनार निर्माण १२ वटा, एउटा मचान निर्माण, एउटा विश्राम स्थल निर्माण तथा पोखरी मर्मत ४ वटा रहेका छन् ।

## आय आर्जन तथा सीप विकास कार्यक्रम

आ. ब. ०६७/६८ को सीप बिकास कार्यक्रम अन्तर्गत सिलाई कटाई तालिम १८४ जना, कम्प्युटर तालिम १०५ जना, कुक



सिलाई कटाई तालिम (त्रिवेणी उपभोक्ता समिति)

तालिम २२ जना, बेतबाँस हस्तकला तालिम ३० जना, हाउस वायरिङ तालिम ८१ जना, च्याउ खेती तालिम ९ जना, पेन्टिङ तालिम १० जना र नेचर गाइड तालिम ४६ जना गरी जम्मा ४८७ जनाले सम्बन्धित बिषयको ज्ञान तथा सीप हासिल गरेका छन् ।



लामिचौर उपभोक्ता समितिको क्षेत्रमा निर्मित बोरिङ

त्यसैगरी मध्यवर्ती क्षेत्रका उपभोक्ताहरुलाई आय आर्जनको अवसर सिर्जना गर्नका लागि आय आर्जन घुम्ती कोष स्थापना, बोरिङ निर्माण २ वटा, एउटा मसला मिल संचालन, बुंगुरका पाठा वितरण ६४ वटा, सहकारीलाई ऋण अनुदान, पशु स्वास्थ्य शिविर एक पटक, एउटा सिंचाई पोखरी निर्माण तथा पशु स्वास्थ्य सेवा अनुदान लगायतका कार्यहरु सम्पन्न भएका छन ।

## संरक्षण शिक्षा कार्यक्रम

जैविक विविधता संरक्षण सम्बन्धी सचेतना अभिवृद्धिका लागि मध्यवर्ती क्षेत्र कार्यक्रम अन्तर्गत यस आ.ब.मा पनि विभिन्न क्रियाकलापहरु संचालन गरिएका छन । यसरी सम्पन्न क्रियाकलापहरुमा विभिन्न ठाउँको अवलोकन भ्रमण ३८७ जना, विभिन्न दिवस समारोह १२ पटक, संरक्षण गोष्ठी ३ पटक, संरक्षण पुरस्कार ३९ जनालाई, संरक्षण छात्रवृत्ति ५ जनालाई, संरक्षण सम्बन्धी रेडियो कार्यक्रम २ पटक, इको क्लब परिचालन १० पटक, पोष्टर पम्प्लेट, भित्तेपात्रो छपाई ३००० प्रति तथा चोरी शिकारी विरुद्ध चेतना अभियान ५ पटक सम्पन्न भएका छन् ।



भ्रमण टोली काजिरंगा राष्ट्रिय निकुञ्जमा

यसै क्रममा मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका पदाधिकारीहरु, निकुञ्जका कर्मचारीहरु तथा स्थानीय पत्रकारहरु सम्मिलित ३३ सदस्यीय टोलीले २०६८।२।२९ देखि २०६८।३।४ सम्म भारतको आसामस्थित काजिरंगा राष्ट्रिय निकुञ्ज र दार्जिलिङस्थित चिडियाखानाको भ्रमण गरेको छ ।

## मध्यवर्ती क्षेत्रको अनुगमन

मध्यवर्ती क्षेत्रको संरक्षण र विकास सम्बन्धी गतिविधी बारे जानकारी लिनका लागि मिति २०६८।०३।२३  मा पूर्वी सेक्टर अन्तर्गतका ४ वटा उपभोक्ता समितिहरु र २०६८ श्रावण ४

गतेदेखि ७ गतेसम्म पश्चिम सेक्टर अन्तर्गतका ७ वटा समितिहरुको स्थलगत भ्रमण गरिएको थियो । भ्रमणका क्रममा



मध्यवर्ती क्षेत्र स्थलगत भ्रमणमा अनुगमन टोली

आ. ब. ०६७/६८ मा सम्पन्न विभिन्न योजनाहरुको निरिक्षण समेत गरिएको थियो ।

## जैविक विविधता संरक्षण अन्तर्क्रिया

यस अबधिमा चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति तथा मध्यवर्ती क्षेत्र उपभोक्ता समितिहरुको पहलमा



जैविक विविधता संरक्षण अन्तर्क्रियाको उद्घाटन सत्र

केही बिशेष गतिविधीहरु समेत सम्पन्न गरिएका छन । चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको आयोजनामा सौराहामा २०६८ जेष्ठ २५ गते चितवन र नवलपरासी जिल्लाका राजनैतिक दलका प्रमुख एवं प्रतिनिधीहरु र सरोकारवाला संघ संस्थाबीच जैविक विविधता सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो । चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रको संरक्षण र समग्र व्यवस्थापनका लागि २३ बुँदे जैविक विविधता संरक्षण चितवन घोषणा पत्र २०६८ पारित गरियो *(अनुसूची–२०)* ।

## एम्बुलेन्स सेवा

चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा बन्यजन्तुबाट मानवीय क्षति हुने गरेको र यस क्षेत्रमा निम्न वर्गका गरिव किसानहरुको बसोबास भएको हुँदा त्यस क्षेत्रका बासिन्दाहरुलाई उपचारको लागि स्वास्थ्य केन्द्रमा पुऱ्याउन यस निकुञ्ज अन्तर्गतका नन्दभाउजु र खगेन्द्रमल्ली उपभोक्ता समितिहरुले




एम्बुलेन्स खरिद गरी त्यस क्षेत्रका उपभोक्ताहरुलाई सस्तो र सुलभ रुपमा सेवा प्रदान गर्दै आएका छन् । यसरी एम्बुलेन्स खरिद गर्नको लागि नन्दभाउजु उपभोक्ता समितिलाई मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको तर्फबाट र खगेन्द्रमल्ली उपभोक्ता समितिलाई चितवन राष्ट्रिय निकुञ्जको संरक्षण शुल्कको रकमबाट आंशिक रुपमा आर्थिक सहायता उपलब्ध गराइएको थियो ।

## राइनो कप फुटबल प्रतियोगिता २०६७

प्रतियोगितात्मक खेलकुदको माध्यमबाट वन, बन्यजन्तु र वातावरण संरक्षणका लागि चेतनामुलक अभियान अन्तर्गत राईनो कप फुटबल प्रतियोगिता २०६७ सम्पन्न भएको छ । बिगत पाँच बर्षदेखि संचालित उक्त राईनो कप फुटबल प्रतियोगितामा काठमाण्डौ, कास्की, तनँहु, चितवन, मकवानपुर, रुपन्देही, कपिलबस्तु, पाल्पा र नवलपरासीका १६ समूहको सहभागिता थियो । उक्त प्रतियोगिता बि.सं. २०६७ माघ १५ गतेदेखि २८ गतेसम्म कोल्हुवा गा.बि.स. वडा नं. ५ स्थित कुमारवर्ती उच्च माध्यमिक विद्यालयको खेल मैदानमा सम्पन्न भएको थियो ।



राइनो कप २०६७ को एक झलक

## वन्यजन्तुवाट भएको क्षति तथा राहत

चितवन राष्ट्रिय निकुञ्जका वन्यजन्तुहरुको आक्रमणमा परी यस अवधिमा १२ जनाको मृत्यु भएको छ *(अनुसूची-२१)* । यसरी मृत्यु भएका मध्ये १० जनालाई हात्तीले र २ जनालाई गैंडाले मारेको हो । यसरी मृत्यु हुनेहरुमा १० जना पुरुष र २ जना महिला रहेका छन् । वन्यजन्तुको आक्रमणमा परी मरेका ३ जनालाई निकुञ्ज क्षेत्रमा र ९ जनालाई मध्यवर्ती क्षेत्रमा आक्रमण गरेको हो ।

बिगतमा वन्यजन्तुहरुबाट हुने क्षतिको राहत स्वरुप मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको निर्णयानुसार मानिसको मृत्यु भएमा रु. ५०,०००।-, मानिस घाइते भएमा उपचार खर्च बापत बढीमा रु. २०,०००।- तथा पशुधन क्षति भएमा निर्धारित क्षतिको ५० प्रतिशत उपलब्ध गराउँदै आइएको थियो । यसरी बि. सं. २०६६ असारसम्म जम्मा रु. ९३,३४,१८८।३० राहत वितरण भइसकेको छ ।

हिंस्रक वन्यजन्तुहरु ( हात्ती, गैंडा, बाघ, चितुवा, हिउ चितुवा, अर्ना र भालु) प्राकृतिक बासस्थानबाट मानवबस्तीमा प्रवेश गरी स्थानीय जनताको धनजनको क्षति गरेको अवस्थामा सोको राहत उपलब्ध गराउन सकिने प्रावधान सहित २०६६ असार २१ गतेदेखि लागू हुने गरी **वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग सम्बन्धी निर्देशिका,** २०६६ प्रारम्भ भएको छ । उक्त निर्देशिकाले मानवीय क्षति (मृत्यु) को लागि रु. १,५०,०००।-, सख्त घाइतेका लागि रु. ५०,०००।- सम्म, सामान्य घाइतेका लागि रु. ५,०००।- सम्म, पशुधनको लागि स्थानीय बजार मूल्यमा नबढ्ने गरी रु. १०,०००।- सम्म, घरगोठको क्षतिको मूल्यांकन गरी रु. ४,०००।- सम्म, भण्डारण गरी राखिएको अन्न क्षति भएमा मूल्यांकन गरी रु. ५,०००।- सम्म, खाद्यन्न तथा फलफुल क्षतिको लागि रु. ५,०००।- सम्म राहत सहयोग उपलब्ध गराउन सक्ने व्यवस्था गरेको छ ।

२०६६ असार २१ गतेदेखि २०६७ चैत्रसम्म वन्यजन्तुहरुको कारणबाट मृत्यु भएका १५ जनाको राहत रु. २२,५०,०००।- घाइते भएका ४६ जनाको उपचार खर्च रु. ९,३०,७४३।- र पशुधन, बालीनाली तथा अन्य क्षतिको राहतका लागि रु. २०,०९,१२५।- गरी जम्मा रु. ५१,८९,८६८।- निकासाका लागि यस निकुञ्ज कार्यालयबाट विभाग मार्फत माग गरिएकोमा मानवीय क्षतिका लागि रु. १३ लाख निकासा प्राप्त भएको रकम ७ जना मृतकका परिवारलाई र १४ जना घाइतेलाई राहत स्वरुप उपलब्ध गराईएको छ *(अनुसूची-२२)* ।

## नदि कटान क्षतिपूर्ति

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३( ग) बमोजिम मध्यवर्ती क्षेत्र भित्रका कुनै बासिन्दाको घर जग्गा बाढी पहिरोको कारणबाट राष्ट्रिय निकुञ्जको प्राकृतिक सिमाना भित्र पर्न गई त्यस्तो बासिन्दाको घरबास उठेमा सोही ऐनको दफा १६(ग) बमोजिम गठित उपभोक्ता समितिको सिफारिशमा सम्बन्धित राष्ट्रिय निकुञ्जले सोही ऐनको दफा २५(क) बमोजिम स्थानीय जनताको सामुदायिक बिकासको लागि छुट्याइएको रकम मध्येबाट निजलाई मुनासिव माफिकको क्षतिपूर्ति दिइनेछ भन्ने कानुनी व्यवस्था रहेको छ ।

बि. सं. २०५७ मा गरिएको स्थलगत सर्भेक्षण अनुसार नदिले कटान गरेको २४४५ बिगाहा जग्गा मध्ये १३१० बिगाहा १३ कठ्ठा १५.५ धुर जग्गा राष्ट्रिय निकुञ्जको प्राकृतिक सिमाना भित्र परेको थियो । बि.सं. २०६७ मा गरिएको सर्भेक्षण अनुसार थप २६३ बिगाहा १६ कठ्ठा १२ धुर जग्गा नदिले कटान गरी राष्ट्रिय निकुञ्जको प्राकृतिक सिमाना भित्र परेको हुँदा हालसम्म जम्मा १५७४ बिगाहा १० कठ्ठा ७.५ धुर जग्गा नदिले कटान गरी राष्ट्रिय निकुञ्जको प्राकृतिक सिमाना भित्र परेको देखिन्छ *( अनुसूची-२३)* ।

हालसम्म ६२ बिगाहा ५ कठ्ठा १८.५ धुर जग्गाको २ करोड ४४ लाख ३३ हजार ८६४ रुपैंया मात्र सम्बन्धित जग्गाधनीलाई क्षतिपूर्ति उपलब्ध गराइएको छ भने १५१२ बिगाहा ४ कठ्ठा

९ धुर जग्गाको क्षतिपूर्ति दिन बाँकी रहेको छ। बाँकी जग्गाको सरदर कट्ठाको रु. ३० हजारका दरले पनि ९० करोड ७३ लाख ३३ हजार ५ सय लाग्ने भएकाले दिइनुपर्ने क्षतिपूर्तिको तुलनामा मध्यवर्ती क्षेत्रको लागि उपलब्ध रकम अत्यन्त न्यून देखिन्छ। तसर्थ विद्यमान कानूनी प्रावधान अनुसार नदि कटान क्षतिपूर्ति उपलब्ध गराउनका लागि सरकारको केन्द्रिय कोषबाट नै रकम विनियोजन हुनपर्ने अवस्था रहेको छ।

## जैविक विविधता संरक्षण कोष

सहभागितात्मक संरक्षण कार्यक्रमका तर्फबाट बि.सं. २०५७ मा मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिलाई हस्तान्तरण भएको रु. ५७ लाखको कोष नै जैविक विविधता संरक्षण कोष (बि. सी. एफ.) हो । उक्त कोषबाट बि. सं. २०६० जेष्ठदेखि मध्यवर्ती बचत तथा ऋण सहकारी संस्था मार्फत आय आर्जन, कृषि व्यवसाय, हरित उद्यम, वैकल्पिक उर्जा लगायतका क्षेत्रहरुमा ऋण प्रवाह गर्दै आइएको छ। मध्यवर्ती क्षेत्र सामुदायिक बचत तथा ऋण कार्य निर्देशिका, २०६१ (पहिलो संशोधन, २०६३) को अधिनमा रही जैविक विविधता संरक्षण कोषलाई परिचालन गरिएको छ। मध्यवर्ती बचत तथा ऋण सहकारी संस्था सम्बन्धी विवरण *अनुसूची*–२४ मा दिइएको छ।

मध्यवर्ती सहकारी संस्थाः २२ वटा
शेयर सदस्य संख्याः १२३०२ (समुहः १२२,
महिलाः ६३३०, पुरुषः ५८५०)
शेयर पूँजीः रु. ८३,४४,३९०।-
आन्तरिक कुल बचतः रु. ६,३०,७२,०६२।-
आन्तरिक कुल ऋण लगानीः रु. ११,२३,८६,९८२।-
कोषमा संकलित कुल रकमः रु. ६५,२०,६०३।-
लगानीमा रहेको रकमः रु. २७,७८,८७९।-
बैंक मौज्दात : रु. ३३,९४,१७१।-
आ.ब. ०६७/६८ को बार्षिक आयः रु. ३,६४,९११।-
आ.ब. ०६६/६७ को बार्षिक खर्चः रु. ३,६२,११०।-

जैविक विविधता संरक्षण कोषलाई व्यवस्थित गरी प्रभावकारी रुपमा परिचालन गर्नका लागि मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति अन्तर्गत सहकारी उप-समिति गठन गरिएको छ भने एक जना लेखापाल र एक जना सह-लेखापाल गरी दुई जना कर्मचारीको समेत व्यवस्था गरिएको छ । संस्थाको बचत, शेयर सदस्य संख्या र शेयर रकमको आधारमा पहिलो पटक रु. तीन लाख र ऋण असुलीको आधारमा दोस्रो पटक रु. पाँच लाखसम्म ऋण


कठार मध्यवर्ती बचत तथा ऋण सहकारी मार्फत वि.सी.एफ. को ऋण सहयोगमा गरिएको कुखुरा पालन

प्रवाह गरिएको छ। ऋण लगानी गर्दा ६ % व्याजदर र २ वर्षको भुक्तानी अबधि तय गरी ६।६ महिनामा साँवा र व्याज असुल गर्ने सम्झौता गरी सोही बमोजिम गर्ने गरिएको छ।

## मध्यवर्ती क्षेत्रको वन व्यवस्थापन

मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ मा मध्यवर्ती क्षेत्रको वनलाई मध्यवर्ती सामुदायिक वन, मध्यवर्ती धार्मिक वन, मध्यवर्ती क्षेत्र वन र निजी वन गरी चार किसिमले व्यवस्थापन गर्न सकिने प्रावधान छ । हाल मध्यवर्ती क्षेत्रमा निजी वन, मध्यवर्ती क्षेत्र वन र मध्यवर्ती सामुदायिक वन छन्। हालसम्म मध्यवर्ती धार्मिक वन हस्तान्तरण भएको छैन भने मध्यवर्ती क्षेत्र घोषणा हुनुअघि नै हस्तान्तरित कबुलियती वनहरुको समेत व्यवस्थापन गरिंदै आइएको छ।


बरण्डाभार वन क्षेत्र

चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा रहेको सरकारी वन क्षेत्रको संरक्षण, सम्बर्धन र उपयोग गर्नको लागि स्थानीय

उपभोक्ताहरु संगठित भएर हालसम्म ८५ वटा वन समुहहरु गठन गरी वनको व्यवस्थापन गर्दै आएका छन् । आ. ब. २०६७/०६८ सम्ममा ६२ वटा मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहहरुको बिधान निकुञ्जमा दर्ता भएका छन भने निकुञ्ज कार्यालय, सम्बन्धित मध्यवर्ती क्षेत्र उपभोक्ता समिति र सम्बन्धित मध्यवर्ती सामुदायिक वन उपभोक्ता समुहबीच त्रिपक्षीय सम्झौता गरी ४७ वटा मध्यवर्ती सामुदायिक वनहरु हस्तान्तरण गरिएको छ । हस्तान्तरण गरिएको वनहरुको कुल क्षेत्रफल ८,०२५.२५५ हेक्टर रहेको छ । जसबाट २५,४२७ घरधुरीका १,४२,२५७ व्यक्तिहरु लाभान्वित भएका छन् *(अनुसूची–२५)* ।

मध्यवर्ती क्षेत्रमा पर्ने निजी जग्गामा वृक्षारोपण गरी निजी वनको रुपमा व्यवस्थापन गर्न हालसम्म ११-१९-१४ बिगाहा क्षेत्रफल १४ जनाको नाममा ११ वटा निजी वनहरु निकुञ्ज कार्यालयमा दर्ता गरिएका छन् *(अनुसूची–२६)* । मध्यवर्ती क्षेत्रमा जिल्ला वन कार्यालय, मकवानपुरबाट हस्तान्तरण भई आएका ३ वटा कबुलियती वनहरु पर्दछन्। कुल क्षेत्रफल १९.६८ हेक्टर रहेको ३ वटा कबुलियती वनहरुबाट २१ घरधुरीका १६० व्यक्तिहरु लाभान्वित भएका छन् *(अनुसूची–२७)* ।

आ.ब. ०६७/६८ मा बेलहट्टा हरियाली र मालिका मध्यवर्ती सामुदायिक वन उपभोक्ता समुहहरुको बिधान दर्ता तथा वन

| क.सं. | मध्यवर्ती सामुदायिक वनको नाम | ठेगाना | क्षेत्रफल | घरधुरी संख्या | जनसंख्या |
|---|---|---|---|---|---|
| **बिधान दर्ता तथा कार्ययोजना स्वीकृत** | | | | | |
| १ | बेलहट्टा हरियाली | जगतपुर २, चितवन | ७४.५७ हे. | ११९ | ६७६ |
| २ | मालिका | मेघौली ८, चितवन | १७.६१ हे. | ४६७ | २७६१ |
| **कार्ययोजना नविकरण** | | | | | |
| १ | राप्ती एकता | भण्डारा ३,४,५,६र७ | १७४.८० | ६७६ | ३८५९ |
| २ | चित्रसेन | र.न.पा. ४ र ५ | १८४.९० | १२०३ | ६४३० |

कार्ययोजना स्वीकृत भई मध्यवर्ती सामुदायिक वन हस्तान्तरण भएको छ भने राप्ति एकता र चित्रसेन मध्यवर्ती सामुदायिक वनको कार्य योजना नविकरण भएको छ । यसै आ.ब.मा मेघौली गा.वि.स. वडा नं. ४ मा रहेको ३-०७-१६ बिगाहा क्षेत्र कर्म छेसाङ्ग गुरुङ्ग र प्रेम बहादुर गुरुङ्गको नाममा एउटा निजी वन दर्ता भएको छ ।

## वन अतिक्रमण नियन्त्रण

अयोध्यापुरी गा.बि.स. वडा नं. ९ स्थित बाँदरझुलामा २०४७ साल देखि नै वन क्षेत्र अतिक्रमण गरी मानिसहरु बसोबास गरेका थिए । मध्यवर्ती क्षेत्र स्थापना भए पछि २०५८ बैशाख २६ गते तत्कालीन प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको बैठक र २०५८ जेष्ठ २ गते तत्कालीन जिल्ला विकास समितिका सभापतिको अध्यक्षतामा बसेको बैठकको निर्णयानुसार योजना बनाई अतिक्रमण हटाई उक्त स्थान खाली गरिएको थियो ।



सुनाचुरीमा भएको वन अतिक्रमण

द्वन्द्वको समयमा पोष्ट विस्थापित भएको मौकाको फाइदा उठाई सो स्थानमा पुनः अतिक्रमण भएको छ । हाल उक्त स्थानमा सुकुम्बासीहरुका करीब ४५० घरहरु छन भने केही वन क्षेत्र खनजोत गरी खेतीपाती समेत गरिरहेका छन । उक्त स्थानमा थप अतिक्रमण नहोस भनेर नजिकको पोष्टबाट बेलाबेलामा गस्ती तथा निकुञ्ज कार्यालयबाट अनुगमन गर्ने गरिएको छ । वर्तमान सन्दर्भमा सर्वदलीय सहमतिबाट मात्र यो बस्ती हटाउन सहज हुने देखिएकोले सरोकारवालाहरुसंगको निरन्तर छलफल र अन्तर्क्रियाका माध्यमबाट सहमति जुटाउने प्रयत्न गरिदै आइएको छ ।

मध्यवर्ती क्षेत्रको लोथर उपभोक्ता समिति अन्तर्गत रहेको मनहरी गा.वि.स.–२, सुनाचुरीमा करीब २० बिगाहा जमिनमा अतिक्रमण गरी बनाएका ५५ वटा घर टहराहरु हात्ती लगाएर हटाइएको छ । उक्त अतिक्रमण हटाउनका लागि निकुञ्ज सुरक्षार्थ रहेको नन्दाबक्स गणको सौराहास्थित गुल्म, मनहरी इलाका प्रहरी कार्यालय तथा लोथर मध्यवर्ती उपभोक्ता समिति समेतको सहयोग रहेको थियो ।

## मुख्य संरक्षण साझेदार संस्थाहरु

चितवन राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको संरक्षण एवं विकासका लागि राष्ट्रिय प्रकृति संरक्षण कोष, डब्लु. डब्लु. एफ. नेपाल र पंक्षी संरक्षण संघ नेपाल (बि.सि.एन.) मुख्य साझेदारका रुपमा रहेका छन् । डब्लु. डब्लु. एफ. नेपालको सहयोगमा तराई भू-परिधि कार्यक्रम अन्तर्गत र राष्ट्रिय प्रकृति संरक्षण कोषले जैविक विविधता संरक्षण केन्द्र मार्फत विभिन्न क्रियाकलापहरु संचालन भएका छन् भने बि. सि. एन.ले गिद्द संरक्षण प्रजनन केन्द्र संचालन तथा गिद्दको स्वस्थानीय संरक्षणमा सहयोग पुर्‍याउँदै आएको छ ।

## राष्ट्रिय प्रकृति संरक्षण कोष जैविक विविधता संरक्षण केन्द्र

नेपालको प्राकृतिक सम्पदा तथा जैविक विविधता संरक्षण तथा व्यवस्थापनमा नेपाल सरकारका प्रयासहरुलाई सहयोग गर्ने उद्देश्यका साथ २०३९ सालमा श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषका नाममा एक स्वायत्त नाफारहित गैर सरकारी संस्थाको रुपमा ऐनद्वारा राष्ट्रिय प्रकृति संरक्षण कोषको स्थापना गरिएको थियो । चितवनमा स्थापित जैविक विविधता संरक्षण केन्द्रले चितवन राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र तथा बरण्डाभार लगायतका आसपासका वन क्षेत्रमा जैविक विविधताको अध्ययन, अनुसन्धान तथा संरक्षणमा सहयोग गर्ने, जैविका विविधता संरक्षणमा क्षमता अभिवृद्धि गर्ने र स्थानीय बासिन्दाहरुको दिगो जिविकोपार्जनमा सहयोग पुर्‍याउने जस्ता कार्यक्रमहरु स्थापनाकाल (सन् १९८९) देखि नै गर्दै आईरहेको छ ।

यस वर्ष केन्द्रमार्फत माईकेनिया नामको मिचाहा झारले गैंडामा परेको प्रभाव अध्ययनका लागि सात वटा गैंडामा जि.पि.एस. सहितको रेडियो उपकरण जडान गरी नियमित अनुगमन कार्य भैरहेको छ । त्यसै गरी बरण्डाभार जैविक मार्गमा विगत १० वर्षदेखि नियमित भैरहेको बन्यजन्तु तथा चरा अनुगमन कार्य यस वर्ष पनि सम्पन्न भयो । राष्ट्रिय गैंडा गणना कार्यक्रम अन्तरगत चितवनमा २०६७ चैत्र २२ देखि ०६८ बैशाख ९ सम्म भएको गणनामा चि.रा.नि.को संयोजकत्वमा स्थानीयस्तरमा प्राविधिक तथा आर्थिक सहयोग गरी गैंडा गणनालाई सफलतापूर्वक सम्पन्न गर्नमा केन्द्रले अहम् भूमिका खेलेको थियो । त्यस्तै निकुञ्जको संयोजकत्वमा यस केन्द्र समेतको सहयोगमा २०६८ बैशाख २८ र २९ मा गौरीगाई गणना सम्पन्न भयो ।

बन्यजन्तु अध्ययन अनुसन्धानमा राष्ट्रिय क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ विभिन्न विश्वविद्यालयहरुमा अध्ययनरत ६ जना विद्यार्थीहरुलाई शोधपत्र तयार गर्नको लागि आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरियो । यसै गरी विभिन्न विश्वविद्यालयहरुबाट विद्यावारिधि गरिरहेका श्री राजेश राई, श्री अच्युत अर्याल र श्री कञ्चन थापालाई फिल्ड कार्यका लागि आवश्यक सहयोग प्रदान गरियो ।

आवश्यकता अनुसार समस्यामूलक बन्यजन्तुहरुलाई नियन्त्रण व्यवस्थापन गर्न समेत यस केन्द्रले सहयोग पुर्‍याउदै आएको छ । यसवर्ष पनि दुईवटा अर्धवयस्क भाले बाघहरु निकुञ्जको मध्यवर्ती क्षेत्र अन्तरगत चितवन र नवलपरासीको क्रमशः बछौली र कावासोतीबाट सफलतापूर्वक नियन्त्रणमा लिई आवश्यक व्यवस्थापनमा सहयोग पुर्‍यायो ।



बन्यजन्तु अपराध अनुसन्धान तालिम

त्यस्तै बन्यजन्तु अपराध अनुसन्धानसम्बन्धी Basic, Advance र TOT गरी ३ चरणका तालिमहरु राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन विभाग र निकुञ्ज सुरक्षार्थ तैनाथ नेपाली सेनाका विभिन्न स्थानमा कार्यरत ५० भन्दा बढी कर्मचारीहरुलाई यस केन्द्रको संयोजकत्व र आर्थिक सहयोगमा दक्षिण अफ्रिकाबाट श्रोतव्यक्तिहरु बोलाई सम्पन्न गरियो ।

प्राकृतिक श्रोत संरक्षण कार्यक्रम अन्तरगत सातवटा मध्यवर्ती सामुदायिक वनको कार्ययोजना निर्माणमा प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराईयो साथै विभिन्न संघसंस्था तथा सामुदायिक वनहरुलाई वृक्षरोपणका लागि विभिन्न १४ जातका ९,५५८ वटा



वृक्षारोपण गर्दै विद्यार्थीहरु

विरुवाहरु वितरण गरी वृक्षरोपणमा सहयोग पुऱ्यायो । त्यस्तै वृक्षारोपणलाई तारबार गर्नाको लागि श्री भुवानी उच्च मा.वि.लाई आर्थिक सहयोग प्रदान गरिएको थियो । चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती तथा आसपासका क्षेत्रमा संरक्षणसम्बन्धी जनचेतना जगाउने उद्देश्यका साथ संचालित संरक्षण शिक्षा कार्यक्रम अन्तरगत स्कुलहरुमा ग्रिन फोर्स क्लबहरु गठन, राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने, विभिन्न दिवस-समारोहहरु मनाउने, रेडियो कार्यक्रम लगायतका विभिन्न कार्यक्रमहरु सम्पन्न गरिएको थियो ।

दिगो जिविकोपार्जन कार्यक्रम अन्तरगत विभिन्न संस्थाहरु समेतको सहयोगमा १०९ जना स्थानीय युवाहरुलाई नेचर गाईड तालिम दिइयो । उर्जाको बैकल्पिक व्यवस्था गरी दाउराको लागि जङ्गलमा पर्ने चाँप कम गर्ने उद्देश्यले कुमरोज-९, घोक्रेलामा तथा कठार-१ र ३ वडामा गरी गोबर ग्याँस जडान कार्य सम्पन्न भयो । त्यस्तै विभिन्न ठाउँमा खानेपानी धारा वितरण तथा जडान, पिउने पानी संकलन ट्याङ्क निर्माणार्थ सहयोग, स्वास्थ्य केन्द्र, पशु स्वस्थ्य, रेडक्रस सोसाइटी, बचत तथा ऋण सहकारी लगायतका संघ संस्थाहरुलाई पनि सो संस्था मार्फत आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराइएको थियो ।

घरपालुवा हात्तीमा देखिएको क्षयरोग नियन्त्रण गर्नका लागि सबै घरपालुवा हात्तीहरुमा क्षयरोग लागे नलागेको परीक्षण गरी रोग लागेका हात्तीहरुलाई उपचार गराउन यस केन्द्रले आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउदै आएको छ ।

## तराई भू–परिधि कार्यक्रम
## संरक्षित तथा मध्यवर्ती क्षेत्र

तराई भू-परिधि भन्नाले नेपालको पूर्वमा बागमती नदीदेखि पश्चिममा भारतको यमुना नदीसम्मको विस्तृत संरक्षण भूमिलाई जनाउँछ । यो करिव ४९,५०० वर्ग कि.मि क्षेत्रफलमा फैलिएको छ । यस क्षेत्र भित्र नेपालको पर्सा वन्यजन्तु आरक्ष देखि भारतको राजाजी राष्ट्रिय निकुञ्ज सम्म गरि १३ वटा संरक्षित क्षेत्रहरु ( नेपालमा ६ वटा र भारतका ७ वटा) समेटिएका छन् । तराई भू-परिधि क्षेत्र भित्र नेपालका संरक्षित क्षेत्रहरु मध्ये पर्सा वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, बाँके राष्ट्रिय निकुञ्ज, कृष्णसार संरक्षण क्षेत्र, वर्दिया राष्ट्रिय निकुञ्ज र शुक्लाफाँटा वन्यजन्तु आरक्ष पर्दछन् । तराई भू-परिधिले नेपालका १४ जिल्लाहरु पुरै वा आँशिक रुपमा समेटेको छ, जुन कंचनपुर, कैलाली, बाँके, बर्दिया, दाँङ, कपिलवस्तु, रुपन्देही, पाल्पा, नवलपरासी, चितवन, मकवानपुर, बारा, पर्सा र रौतहट हुन् । यो नेपालको २३,१९९ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । यस क्षेत्रमा नेपालको करिव ६७ लाख जनसंख्याको बसोबास रहेको छ ।

विश्वमै अद्धितीय रुपमा रहेको भू-परिधि क्षेत्रको जैविक विविधताको संरक्षण गरी पारिस्थिकीय अक्षुणता कायम राख्ने र यहाँका बासिन्दाको दीगो जीविकोपार्जनको व्यवस्था सुनिश्चित गर्ने तराई भू-परिधि कार्यक्रमको परिकल्पना (Vision) रहेको छ भने तराई तथा चुरे क्षेत्रको जैविक विविधता, वन र भू तथा जलाधार क्षेत्रको संरक्षण गरी यहाँको पारिस्थितिकीय, आर्थिक तथा सांस्कृतिक अखण्डता कायम राख्ने यसको लक्ष्य रहेको छ । यसले मुख्यतया प्रजाति तथा पारिस्थिकीय प्रणालीको संरक्षण, दिगो वन व्यवस्थापन, संस्थागत सक्षमता तथा समन्वय, दिगो जिविकोपार्जन, वैकल्पिक उर्जा, शैक्षिक सचेतना तथा क्षमता विकास जस्ता कृयाकलापहरु संचालन गर्दछ ।

चितवन राष्ट्रिय निकुञ्जको हकमा यस कार्यक्रमले सन् २००१ देखि विभिन्न कार्यक्रमहरु संचालनका लागि सहयोग गर्दै आई



संरक्षणसम्बन्धी अन्तरक्रिया कार्यकमका सहभागीहरु

रहेको छ । घाँसे मैदान व्यवस्थापन, वनपथ मर्मत, सिमसार व्यवस्थापन, चोरी शिकार प्रतिरोध, पोष्ट निर्माण, स्वीपिङ्ग क्याम्पिङ्ग अपरेसन संचालन, घडियाल प्रजनन् केन्द्र निर्माण, वन्यजन्तु अनुगमन तथा कर्मचारी क्षमता अभिवृद्धि जस्ता कार्यक्रमहरुमा सहयोग गर्दै आइरहेको छ । आ.ब. २०६७/०६८ मा चितवन राष्ट्रिय निकुञ्जमा माथि उल्लेखित कार्यक्रमहरु संचालन गर्नका लागि रु. ५०,८२,२१०।- सहयोग उपलब्ध भएको थियो। जसमध्ये घडियाल प्रजनन केन्द्रमा दुईवटा पोखरी निर्माण गर्नका लागि रु. २० लाख रहेको छ ।

त्यस्तै, चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्रमा तराइ भू-परिधि कार्यक्रमले विगत ५ वर्ष देखि आफ्ना कार्यक्रमहरुलाई केन्द्रित गर्दै लगिरहेको छ । मध्यवर्ति क्षेत्रमा गठित उपभोक्ता समितिहरुले कार्यक्रमहरु कार्यान्वयन गर्ने गरि स्थानीय जनताहरुमा जनचेतना अभिबृद्धि गरी वन तथा वन्यजन्तुको संरक्षण तथा चोरी शिकार नियन्त्रण गर्ने विभिन्न कृयाकलापहरु संचालन गर्ने गरिएको छ। समुदायमा आधारित संस्थाहरुको संस्थागत विकास, समुदायको जीविकोपार्जनमा सुधार, मध्यवर्ति सामुदायिक वन व्यवस्थापन तथा सामुदायिक वनमा वन्यजन्तुको वासस्थान व्यवस्थापन, नर्सरी निर्माण तथा वृक्षारोपण, सामुदायिक वन कार्ययोजना निर्माण सहयोग, वैकल्पिक उर्जा, घर पालुवा जनावरको नश्ल सुधार, चोरी शिकार नियन्त्रणका लागि युवा परिचालन, आय आर्जन र गोवर ग्याँस निर्माणका लागि घुम्तीकोष परिचालन, लघु उद्यम स्थापना, संकटापन्न अवस्थामा रहेको घडियाल र गिद्ध संरक्षणका लागि सचेतना, मानव वन्यजन्तु द्वन्द न्यूनिकरणका लागि विद्युतिय तारवार निर्माण सहयोग, विद्यार्थीहरुलाई इको क्लवमा आवद्ध गरि जनचेतना मुलक गतिविधिहरु संचालन, जैविक विविधता संरक्षणकालागि प्रचार प्रसार तथा स्थानीय संघ सस्था तथा राजनैतिक दलका प्रतिनिधिहरुसंग समन्वय र सहकार्य जस्ता कार्यक्रमहरु मध्यवर्ति क्षेत्रमा संचालन भई रहेका छन् ।

आ.व. २०६७/०६८ मा मध्यवर्ति क्षेत्र व्यवस्थापन समिति अर्न्तगत १७ वटा उपभोक्ता समितिहरु मार्फत कार्यक्रम संचालन गर्नका लागि रु ४७,७१,६००।- रकम सहयोग उपलब्ध गराइएको थियो । उपभोक्ता समिति अर्न्तगत रही सम्वन्धित मध्यवर्ति वचत तथा ऋण सहकारी सस्थाहरुवाट परिचालन गर्ने गरि दिगो जीविकोपार्जनका लागि आय आर्जन, गोवर ग्याँस निर्माण तथा पशु विमा र पशु स्वास्थ्य व्यवस्थापन गरि घुम्ती कोष र अक्षय कोष गरि रु १ करोड २१ लाख ९४ हजार को कोष चितवन राष्टिय निकुञ्जको मध्यवर्ति क्षेत्रमा परिचालन भै रहेको छ ।



कसरामा तराई भू-परिधि कार्यक्रमको केन्द्रीय अनुगमन टोली

चितवन राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ति क्षेत्रमा वन तथा वन्यजन्तु संरक्षण, स्थानीय जनताहरुको दिगो जीविकोपार्जन, वन व्यवस्थापन, मानव वन्यजन्तु द्वन्द न्यूनिकरण तथा संरक्षण जनचेतना अभिवृद्धि जस्ता तराई भू-परिधि कार्यक्रमवाट सहयोग भएका ठोस कार्यक्रमहरु प्रभावकारी र सकरात्मक भएको पाइएको छ ।

## उल्लेख्य गतिविधीहरु

### बाघ संरक्षण बिशेष कार्यक्रम

यस कार्यक्रम अन्तर्गत चितवन राष्टिय निकुञ्जमा बाघ संरक्षणसंग सम्बन्धित विभिन्न क्रियाकलापहरु संचालन गर्न आ.ब. ०६७/६८ को लागि रु. ८५ लाख विनियोजन भएको थियो। उक्त कार्यक्रमबाट पोष्ट निर्माण तथा मर्मत, सबै मौसममा चल्ने बाटो निर्माण, जनचेतना अभिवृद्धि तथा चोरी शिकार नियनत्रण जस्ता कार्य गरिएको थियो। कार्यक्रम केही ढिलो स्वीकृत भएको हुँदा वन्यजन्तु अनुगमन अन्तर्गत गौरी गाई अनुगमन, विद्यालय कार्यक्रम तथा असहाय वन्यजन्तु व्यवस्थापन सम्बन्धी क्रियाकलापहरु सम्पन्न भएका छन् भने बाँकी कार्यक्रमहरु आ.ब. ०६८/६९ मा संचालन गर्नका लागि आवश्यक तयारी मिलाइएको छ।

### विश्व सिमसार दिवस, २०११

एक समारोहका बीच राप्ति नदीमा १० वटा घडियाल छोडी विश्व सिमसार दिवस, २०११ मनाइएको थियो। सोही अवसरमा संरक्षण कार्यमा योगदान पुऱ्याए बापत गर्दी गा.वि.स. वडा नं. ४ बस्ने मंगले बोटेलाई पुरस्कृत गरिएको थियो। कार्यक्रमका



राप्ति नदिमा घडियाल छाड्दै प्र.जि.अ. बसन्तराज गौतम

प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी श्री बसन्तराज गौतमले मंगले बोटेलाई रु. ७,०००।- नगद पुरस्कार सहित प्रशंसा पत्र प्रदान गर्नु भएको थियो। निज बोटेले मिति २०६७/६/१० गते यस निकुञ्ज भित्रको सुरुङ क्षेत्रमा पर्ने सुकसुके तालको निकास रिउमा जोडिने ठाउँ नजिक भासीमा परी मरेको खाग सहितको गैंडा देखी निकुञ्जको वनकट्टा पोष्टमा खबर गरिदिएकाले खाग हराउनबाट जोगिएको थियो।

### वन्यजन्तु सप्ताह, २०६८

निकुञ्जको मुख्य कार्यालय, कसराको परिसरमा नेपालको राष्ट्रिय झण्डा, विश्व सम्पदाको झण्डा र चितवन राष्ट्रिय निकुञ्जको झण्डा झण्डोत्तोलन गरी सोह्रौं वन्यजन्तु सप्ताह शुभारम्भ गरिएको थियो। सोही अवसरमा अवसरमा विभिन्न उपभोक्ता समितिमा




सोह्रौं वन्यजन्तु सप्ताहको शुभारम्भ कार्यक्रम

हाजिरी जवाफ प्रतियोगिता, सरसफाई, अन्तरक्रिया कार्यक्रम गरिएको थियो भने कसरामा बैशाख ६ गते निकुञ्जका कर्मचारी, निकुञ्ज सुरक्षार्थ खटिएको सेना र केरुङ्गा एवं पटिहानी उपभोक्ता समितिका पदाधिकारीहरुको संयुक्त टोलीले बिक्रमबाबा क्षेत्र वरिपरी र बाटोको दायांवायां राप्ती पुल गेटसम्म सरसफाई गरिएको थियो।

### विश्व हात्ती पोलो प्रतियोगिता

चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने मेघौलीमा मिति २०६७।८।१२ देखि २०६७।८।१८ सम्म २९ औ विश्व हात्ती पोलो प्रतियोगिता सम्पन्न भयो। आयोजक टाईगर टप्स प्रा.लि.



२९ औं विश्व हात्ती पोलो खेलको एक दृश्य

रहेको उक्त विश्व हात्ती पोलो प्रतियोगितामा स्वदेश तथा विदेशका गरी ८ वटा समूहले भाग लिएका थिए । सो खेलमा EFG स्वीजर लेन्ड प्रथम, Sepoys यूएई दोस्रो र Chivas Regal स्कट्लेण्ड तेस्रो भएका थिए । सो प्रतियोगितामा नेपालको राष्ट्रिय निकुञ्ज समूह चौथो भएको थियो भने नेपाल च्याम्पियन प्रतियोगितमा नेशनल पार्क टिम प्रथम भएको थियो ।

## खरखडाई निकासी

यस निकुञ्ज अन्तर्गत पूर्वी सेक्टरमा पौष महिनामा खरखडाई खोलिएको थियो । पश्चिम सेक्टरमा माघ महिनाको अन्तिम हप्ताबाट फाल्गुणको पहिलो हप्तासम्म खर खडाई खोलिएको थियो भने माडी सेक्टरमा फाल्गुण महिनाको १० गतेबाट १२ गते सम्म र कसरा सेक्टरमा फाल्गुण महिनाको १५ गतेवाट १७ गते सम्म ३ दिनका दरले खर खडाई काट्ने अनुमति दिईएको थियो ।



पश्चिम सेक्टरको खरखडाई

## बिक्रम बाबा मेला

चितवन राष्ट्रिय निकुञ्जमा रहेका धार्मिक तथा सांस्कृतिक महत्वका क्षेत्रहरु मध्ये बिक्रमबाबा पनि एक हो । उक्त स्थान कसरास्थित घडियाल संरक्षण प्रजनन् केन्द्रबाट करिब १०० मिटर दक्षिणमा अवस्थित रहेको छ । बिक्रमबाबा स्थानीय आदिवासी थारुहरुका देवगुरु हुन् । यी देवता अत्यन्त शक्तिशाली भएको कुरा स्थानीय थारु समुदायका जेष्ठ नागरिकहरुबाट सुन्न पाइन्छ । कहिले बाघको रुप धारण गरेर हिड्ने र कहिले ढुङ्गाको डुंगामा जमिनमा हिड्ने जस्ता कार्य बिक्रमबाबाले गर्ने गरेको कुरा उनीहरुको भनाई छ । हाल उक्त स्थानमा मुर्तिको भगनावशेष रहेको छ । मन्दिर वनाउन हुंदैन भन्ने भनाईलाई विचार गरी हालसम्म उक्त स्थानमा मन्दिर बनाइएको छैन । यहाँ आई विवाह नभएकाहरुले विवाह होस भनी भाकल गर्ने र बच्चा नभएकाहरुले बच्चाको होस भनी भाकल गर्ने परम्परा थारु जातिमा रहेको र उक्त मागहरु पुरा भए पछि भाकल अनुसारको पुजा गर्ने चलन रहेको छ । हाल अन्य जातजातिले पनि अनुसरण गरी बिक्रमबाबाको पुजाआजा गर्न थालेकोले बिगत १०-१५ वर्षदेखि यस क्षेत्रको महिमा बढ्दै गएको छ ।



बिक्रमबाबा मेलामा पूजा गर्न आएका श्रद्धालु भक्तजनहरु

चैत्र शुक्लपक्षको प्रतिपदादेखि पूर्णिमासम्म बिक्रमबाबाको पुजा गर्ने परम्परा छ । यस स्थानमा बोकाको बली दिने र परेवा उडाउने प्रचलन छ । थोरै मात्रै भक्तजनहरु यहां आउंदा शुरुका वर्षहरुमा पुजा पछि निकुञ्ज भित्र नै खाना पकाई खान दिने चलन थियो । अत्याधिक संख्यामा श्रद्धालु भक्तजनहरु आउन थालेपछि पछि हाल निकुञ्जभित्र खाना पकाई खान रोक लगाइएको छ । पुजा पछि निकुञ्जको सिमानामा जोडिएको घैलाघारी मध्यवर्ती सामुदायिक वनको क्षेत्रमा गई खाना पकाई खान पाउने व्यवस्था उक्त मध्यवर्ती सामुदायिक वनले मिलाउने गर्दछ । हरेक बर्ष १५ दिन सम्म चल्ने पुजाआजाका लागि यहाँ आउने व्यक्तिहरुलाई निकुञ्ज प्रवेश शुल्क छुट दिने गरिएको छ ।

### बाढीको प्रकोप

मिति २०६७।५।७ देखि दुई दिनसम्म भएको अविरल बर्षाको कारणबाट चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्र नराम्ररी प्रभावित भयो । निकुञ्जको भिम्ले र सुखीभार पोष्ट पूर्ण रुपमा डुबानमा परेको हुँदा सुखीभार पोष्टका कर्मचारीहरुलाई हात्तीद्धारा उद्दार गरी ध्रुवा पोष्टमा राखिएको थियो भने भिम्ले पोष्टका कर्मचारीहरुलाई हेलिकप्टरद्धारा उद्दार गरी मेघौलीमा राखिएको थियो ।

उक्त बाढीको कारण मध्यवर्ती क्षेत्रको माडी प्रभावित भयो । माडी क्षेत्रका रिउ, बगई, बाँदरमुढे, मरठ आदि खोलामा आएको बाढीको कारण माडी क्षेत्र जलमग्न भएको थियो । बाढीले बगाएर २ जना मानिसको मृत्य भयो भने ठूलो मात्रामा पशु र बाली क्षति भएको थियो । रिउमा आएको बाढीबाट पूर्ण रुपमा प्रभावित अमिलिया गाउँका बासिन्दाहरुलाई उद्दार गरी तत्कालका लागि धोवा पोष्टमा राखिएको थियो । बाढी पिडितहरुको उद्दार तथा तत्काल राहतका लागि निकुञ्जका हात्ती तथा कर्मचारीहरु परिचालन गरिएको थियो ।

# हार्दिक स्वागत



श्री झमक बहादुर कार्की
प्रमुख संरक्षण अधिकृत
चितवन राष्ट्रिय निकुञ्ज कार्यालय



प्रमुख सेनानी श्री रामचन्द्र के.सी.
गणपति
नन्दाबक्स गण



सेनानी श्री पूर्ण प्रसाद ढकाल
गुल्मपति
रणदल गुल्म

# हार्दिक विदाई



डा. नरेन्द्रमान बाबु प्रधान
प्रमुख संरक्षण अधिकृत
चितवन राष्ट्रिय निकुञ्ज कार्यालय



प्रमुख सेनानी श्री रविन्द्र खत्री
गणपति
गोरख बहादुर गण



सेनानी श्री बसन्त खड्का
गुल्मपति
संग्राम सार्दुल गुल्म



सेनानी श्री भुपेन्द्र शाह
गुल्मपति, संग्राम सार्दुल गुल्म



स.सं.अ. श्री शिवकान्त लाल कर्ण सुमन
चितवन राष्ट्रिय निकुञ्ज कार्यालय



स.सं.अ. श्री सुबंश प्रसाद चौधरी
चितवन राष्ट्रिय निकुञ्ज कार्यालय



रेञ्जर श्री माधव खड्का
चितवन राष्ट्रिय निकुञ्ज कार्यालय



रेञ्जर श्री सम्झना सिग्देल
चितवन राष्ट्रिय निकुञ्ज कार्यालय



नायब सुब्बा श्री गणेश शर्मा पौडेल
चितवन राष्ट्रिय निकुञ्ज कार्यालय





## अनुसूची–१
## चितवन राष्ट्रिय निकुञ्जको सिमाना

**नेपाल राजपत्र**

**भाग – ३**

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**(खण्ड २७) काठमाण्डौं, साउन ३१ गते २०३४ साल (संख्या १८)**

**श्री ५ को सरकार**

**वन मन्त्रालयको सूचना**

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नारायणी अञ्चल चितवन जिल्लाको देहाय बमोजिम चार किल्ला भित्रको क्षेत्रलाई शाही चितौन राष्ट्रिय निकुञ्ज घोषित गरेको छ ।

**शाही चितौन राष्ट्रिय निकुञ्जको चार किल्ला :-**

१. उत्तर :- राप्ती नदी, आवादी र नारायणी नदी ।

२. पूर्व :- हस्ता खोला र घराङ्ग खोला ।

३. दक्षिण :- नेपाल भारत सिमाना, रिउ खोला, अग्नी संरक्षण रेखा ।

४. पश्चिमः- विनय खोलादेखि डवीडाँडाको नाकैनाक हुँदै त्रिवेणी घाटसम्म ।

उपरोक्त बमोजिमको चार किल्लाको बिस्तृत विवरण निम्न बमोजिम छ :-

उत्तर :- विनयखोला र नारायणी नदीको मुहानदेखि शुरु भै पूर्वतर्फ हुँदै नदीको उत्तर पश्चिम पट्टिको किनार भित्र पार्दै सिघ्रौलीघाट सम्म । त्यहाँबाट नारायणी नदी पार गरी नारायणी नदीको पूर्वतिरको किनार भित्र पार्दै नदी नदी हुँदै दक्षिण पश्चिम तर्फ राप्ती नारायणी दोभान सम्म । उक्त राप्ती नारायणी दोभान देखि राप्ती नदीको उत्तर तिरको किनार भित्र पार्दै नदी नै नदी हुंदै पूर्व तर्फ सौराहा निरको इचर्नी टप्पुको पश्चिम कुनाको पक्की पिलर नं. १ सम्म । सो कुनाबाट बुढी राप्ती र इचर्नी खोलाको उत्तरी किनारा समेत भित्र पार्दै पक्की पिलर नं. २ सम्म । उक्त पक्की पिलर नं. २ बाट इचर्नी खोला तर्फ आएको राप्ती नदीको सुख्खाधार हुंदै मुख्य राप्ती सम्म । सो राप्तीको पूर्व हुंदै सौराहा घाट नेरको पक्की पिलर नं. ३ सम्म ।

